अर्थमन्त्री पुन र विश्व बैंकका दुई उपाध्यक्षबीच भेटवार्ता | पृष्ठ ७ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ३२० • २०८१ साल बैशाख ६ गते विहिवार (18 April, Thursday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## विराटनगरमा दुई समुदायबीच झडप , २७ राउण्ड अश्रुग्यास प्रहार

**टुडे समाचारदाता**

विराटनगर । कोशी प्रदेशको राजधानी विराटनगरमा बुधवार दुई समुदायबीच झडप हुँदा हुँदा प्रहरीले बल प्रयोग गरी स्थितिलाई नियन्त्रणमा लिनु परेको बताइएको छ ।

विराटनगर महानगरपालिकाको मिल्स क्षेत्रमा एउटा समूहले रामनवमीको ऱ्याली गर्नेक्रममा अर्को समुदायले अबरोध गरेपछि झडप भएको थियो ।

ऱ्यालीको क्रममा प्रहरीसँग झडपको स्थिति बनेको मोरङका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले जनाएका छन् ।

ऱ्याली निकालेको उक्त समूह अनुमति नभएको ठाउँमा प्रवेश गर्न खोजेको बताउँदै प्रमुख जिल्ला अधिकारी भट्टराईले भने, त्यस ठाउँमा अर्को समूहले अवरोध सिर्जना गर्न सक्ने सूचनापछि प्रशासनले त्यहाँ जान अनुमति नदिएको हो ।

अनुमति नभएको ठाउँमा जान दिँदा थप तनाव उत्पन्न हुनसक्ने सम्भावनालाई न्यून गर्न प्रहरीले उनीहरूलाई रोकेको थियो ।

त्यसरी रोक लगाउँदा प्रहरीसँग धकेलाधकेल गर्न थालेपछि बल प्रयोग गरेको प्रजिअ भट्टाराईले बताए ।

> गत वर्षको अन्तिम महिनामा सुनसरी जिल्लामापनि दुई समुदायबीच झडप भएको थियो ।त्यस क्रममा प्रहरीको गोली लागेर एकजनाको मृत्यु समेत भएको थियो ।

'बल प्रयोग गर्नेक्रममा प्रहरीले एक-दुई राउण्ड हवाई फायर गरेको छ' उनले भने, त्यसबाहेक अश्रुग्यास २७ राउण्ड प्रहार गरेको छ। 'रोक लगाइएको ठाउँमा ऱ्याली पुगेको भए थप क्षति हुनसक्थ्यो' भट्टराईले भने, अहिलेलाई त्यो दुर्घटना टरेको छ।'

झडपको क्रममा नेपाल प्रहरीतर्फ ६ जना घाइते भएका छन् । उनीहरूलाई उपचारको लागि नजिकैको स्वास्थ्य संस्था पठाइएको उनले बताए ।समान्य उपचारपछि सुरक्षाकर्मीहरु फर्केका छन् ।

### सभामुखद्वारा प्रदेश सभामा 'अमर्यादित शब्द'

# आज सर्वदलिय बैठक, सरकारका लागि प्रदेश सभा सहज नहुने संकेत

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले विश्वासको मत लिने क्रममा प्रदेश सभामा सभासदलाई होच्याउन सभामुख रामचन्द्र मण्डलले 'अमर्यादित शब्द' प्रयोग गरेपछि विपक्षी दलका नेताहरु आक्रोशित बनेका छन् ।

सभामुख मण्डलले जनमत पार्टी संसदीय दलका नेता समेत रहेका पूर्व मन्त्री महेश प्रसाद यादवलाई होच्याएर 'उलाई निकाल' भन्दै मर्यादापालकलाई आदेश दिएको आरोप लगाउँदै विपक्षी दलका नेताहरुले त्यसलाई आपत्तिजनक भनेका छन् । प्रदेश सभामा सभासदलाई आदरसहित सम्बोधन गर्नुपर्ने मर्यादालाई सभामुखले नै भंग गरेको विपक्षी दलका नेताहरुको आरोप छ ।

'विपक्षी दललाई प्रदेश सभामा अपमान गर्ने अधिकार कसैलाई छैन्' नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णा यादवले भने, सभामुखले कार्वाही गर्न सक्ने अधिकार भएपनि अमर्यादित शब्द प्रयोग गर्ने अधिकार छैन् । मुख्यमन्त्री यादवले विश्वासको मत लिन मंगलवार प्रदेश सभाको बैठक आव्हान गरिएको



थियो ।बैठक १ बजेका लागि डाकिएपनि २ बजे सुरु भएको थियो ।तर बैठक सुरु हुनासाथ विपक्षी दलहरुले बिरोध जनाउदै बैठक अबरुद्ध गरेका थिए ।

त्यसको झण्डै ६ बजेपछि सुरु भएको दोस्रो बैठकमापनि अबरोध भएपछि सभामुख मण्डलले जनमतका नेता यादवलाई निकाल्न अमर्यादित शब्द प्रयोग गरेका थिए । प्रदेश सभाको बैठकमा भएको तोडफोड, अबरुद्ध लगायतका विषयमा छलफल गर्न सभामुख मण्डलले विहिबार बिहान ११ बजे संसदीय दलका नेताहरुको बैठक बोलाएका छन् ।प्रदेश सभामा रहेका सबै दलका नेताहरुलाई बैठकमा डाकिएको छ । सभामुख मण्डलले बैठकमा प्रयोग गरेको आपत्तीजनक शब्दको विषय पनि उठने कांग्रेसका एकजना नेताले बताएका छन् । स्रोतहरुका अनुसार सभामुख मण्डलले प्रदेश सभाको बैठकको क्रममा भएको तोडफोडको विषयमा छलफल गर्ने एजेण्डा तय गरेका छन् ।जनमतका संसदीय दलका नेता महेश यादव लगायतमाथि कार्वाहीगर्ने विषयपनि उनले उठाउने स्रोतले जनाएका छन् । तर प्रदेश सभामा भएको घटनालाई सभामुखको 'अशिष्ट शब्द'ले नै ओझेलमा पारेको सभासदहरुले जनाएका छन् ।सत्तासिन दलका सभासदहरुलेपनि सभामुखको शब्द आपत्तीजनक रहेको स्वीकारेका छन् ।

प्रदेश सभामा प्रमुख प्रतिपक्षी कांग्रेस, जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) सरकार बिरुद्ध एकजुट भएका छन् ।विपक्षी दलहरुले सरकारलाई प्रदेश सभामा घेर्ने संकेत गरिसकेका छन् ।

'सत्तापक्षले विपक्षी दलहरुलाई प्रदेश सभाको बैठकमा समेत सम्मान गरेन्' कांग्रेस संसदीय दलका नेता यादवले भने, सरकारले प्रतिपक्षलाई सम्मानजनक व्यवहारगरि विश्वासमा नलिए सम्म सहज ढंगले प्रकृया अगाडी बढन सक्दैन् । प्रदेश सभामा सत्तापक्षले मार्शल लगाएर अगाडी बढन खोजेकाले प्रतिपक्षी दलहरु आफ्नो भूमिका निर्वाह गर्न पछि नपर्ने लोसपा संसदीय दलका उपनेता उपेन्द्र महतोले बताए ।तीन पटक लगातार मुख्यमन्त्रीलाई विश्वासको मत दिएको लोसपा मंगलवार मात्र सरकारबाट बाहिरिएर विपक्षी बेञ्चमा गएको हो।

'सभामुखको भूमिका सत्तापक्षको कठपुतली जस्तो रह्यो' उनले भने, प्रदेश सभामा सरकारलाई सभामुखले सघाउन लोकतन्त्रको घाँटी निमोठ्ने काम गरे । सरकारले अब प्रदेश सभाको बैठकलाई नियमित गर्ने तयारी गरेको छ ।

बैठकका लागि सरकारसित प्रयाप्त बिजनेस रहेको मुख्यमन्त्री सरोज कुमार यादवले जनाए । सरकारले नीति तथा कार्यक्रम, प्रि बजेट, बजेट लगायत कयौं बिलहरु प्रदेश सभामा प्रस्तुत गर्नुपर्ने बाध्यात्मक अवस्था छ ।प्रदेश सभामा सरकारले प्रस्तुत गर्ने कार्यक्रमहरु पास गर्न प्रयाप्त बहुमत रहेपनि विपक्षी दलहरुलाई समेत विश्वासमा लिनै पर्छ ।

सदैव मर्यादापालक लगाएर प्रदेश सभाको बैठक सञ्चालन गर्न नसकिने सभासदहरु बताउँछन् ।सत्तासिन जनता समाजवादी पार्टी(जसपा)का प्रमुख सचेत रामअशिष यादवले संसदलाई मर्यादित बनाउन विपक्षी दलहरुको महत्वपूर्ण भूमिका रहने बताए ।'

सरकार र विपक्षबीच प्रदेश सभामा सहकार्य हुनुपर्छ' उनले भने, सत्तापक्षले विपक्षीहरुलाई उच्च सम्मानका साथ अगाडी बढनेछ ।

Under the Management of J.E.F Pvt. Ltd
SIDDHARTHA SHISHU SADAN
BOARDING SECONDARY SCHOOL
Janakpurdham-01 (Province-02)
Play Group to Class XII

नववर्ष २०८१ को उपलक्ष्यमा सम्पूर्ण अभिभावक, शिक्षक, विद्यार्थीवर्ग, नगरवासी तथा शुभचिन्तकहरुमा यहाँहरुको उत्तरोत्तर प्रगति तथा सुस्वास्थ्यको लागि हार्दिक मंगलयम शुभकामना व्यक्त गर्दछौं ।

४२ वर्षको गरिमामय शैक्षिक इतिहास पूरागरी ४३ औं वर्षमा प्रवेश गरेको यस सिद्धार्थ शिशु सदनले "एक आमा शिक्षित भए परिवार नै शिक्षित हुने" मान्यतालाई ध्यानमा राखि विगतको वर्ष झैं यस शैक्षिक सत्र २०८१ मा पनि छात्राहरुको नामांकन शुल्कमा ५०% छुटको व्यवस्था गरिएको सहर्ष जानकारी गराइन्छ ।

शैक्षिक सत्र २०८१ भर्ना सम्बन्धि सूचना

१. नर्सरी देखि कक्षा ९ सम्म नयाँ भर्ना लिइनेछ । (नोटः कक्षा ९ मा केही सिट मात्र)
२. नर्सरी देखि कक्षा ५ सम्म मौखिक परीक्षा तथा कक्षा ६ देखि कक्षा ९ सम्म लिखित तथा मौखिक परीक्षा लिइनेछ ।
३. नयाँ भर्नाको लागि फारम वितरण :- वि.स. २०८० चैत्र २५ गते आइतवारबाट
४. नयाँ भर्नाको लागि प्रवेश-परीक्षा :- वि.सं. २०८१ बैशाख ०४ गते मंगलवार
५. प्रवेश-परीक्षाको समय :- बिहान १०:०० बजे देखि ०१:०० बजे सम्म
६. प्रवेश-परीक्षामा तयारी गर्नुपर्ने विषयहरु :- अङ्ग्रेजी, नेपाली, गणित र विज्ञान
७. प्रवेश-परीक्षाको नतिजा प्रकाशन :- २०८१ बैशाख ०४ गते बेलुका ५ बजे
८. शैक्षिक सत्र २०८१ को कक्षा प्रारम्भ :- २०८१ बैशाख ०६ गते विहीवार देखि

विस्तृत जानकारीका लागि अभिभावक स्वयंले विद्यालयको समयमा वा कार्यालयको फोन नं. ९८५४०२८७७२/९८५४०२६५६५/९८४४२६०९६९/९८४४०३९८८७/ ९८०४८९०१८१ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

प्राचार्य

यातायातको सुविधा
जनकपुरधाम नगरपालिका भित्र तथा नगरबाहिर महेन्द्रनगर, पर्सा ,पिपरा, भोइल, तेतरीया, थुमौना, कुर्था सम्म

सिद्धार्थ शिशु सदन
भानुचौक, जनकपुरधाम–१
Ph.no.: 041-041-522969, 525064,
Mob. 9801622969, 9801674658



# देशभर मौसम सफा रहने विभागको पूर्वानुमान



टुडे समाचारदाता

काठमाण्डु । हाल देशमा पश्चिमी वायु र स्थानीय वायुको आंशिक प्रभाव कायम रहेको जनाउँदै जल तथा मौसम विज्ञान विभागले केही स्थानमा आंशिक बदली भई बाँकी भागमा सामान्यतया मौसम सफा रहने बताएको छ। अहिले देशका पहाडी भागमा आंशिक बदली रही बाँकी क्षेत्रमा मौसम सफा रहेको छ ।महाशाखाका अनुसार बुधबार दिउँसो देशका पहाडी भू-भागमा आंशिक देखि साधारणतया बदली रही बाँकी भू-भागमा आंशिक बदली देखि मौसम मुख्यतया सफा रहने छ। कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी भागका एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको छ । देशको उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का हिमपातको सम्भावना छ। लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा हुरीबतासको सम्भावना छ।

त्यसैगरी, बुधबार राति देशका अधिकांश स्थानमा आंशिक बदली हुनेछ भने बाँकी भागमा मौसम सफा रहने छ । कोशी र गण्डकी प्रदेशका पहाडी भागका एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षा हुने सम्भावना छ ।महाशाखाले बुधबार बिहान जारी गरेको मौसम बुलेटिनमा कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी भूभागका एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षाको सम्भावना छ । देशका उच्च पहाडी तथा हिमाली भागका केही स्थानमा हल्का हिमपातको सम्भावना छ । लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भागका केही स्थानमा हुरीबतासको सम्भावना रहेकाले त्यस क्षेत्रमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा आंशिक असर पर्ने भएकाले आवश्यक सतर्कता अपनाउन अनुरोध छ।

अब एक सातासम्मको मौसम पूर्वानुमान

जल तथा मौसम विज्ञान विभागले अब एक सातसम्मको मौसम पूर्वानुमान गर्ने तयारी गरेको छ । विभाग अन्तर्गतको मौसम पूर्वानुमान माहाशाखाले हाल तीन दिनसम्मको मात्रै मौसम पूर्वानुमान गर्दै आएको छ।

एक सातासम्मको मौसमी अवस्था जानकारी दिँदा मौसमजन्य विपतका घटना न्यूनीकरणमा सहयोग पुग्ने विभागको भनाइ छ । एक सातासम्मको मौसम पूर्वानुमान हुँदा किसानहरुलाई बाली लगाउन र भित्र्याउन सहज हुने अपेक्षा गरिएको छ।


विभागका महानिर्देशक डा जगदिश्वर कर्माचार्यले एक सातासम्मको मौसमसम्बन्धी पूर्वानुमान गर्ने गरी छलफल अगाडि बढिरहेको बताएका छन् । "अहिलेसम्म हामीले तीन दिन मौसम पूर्वानुमान गर्दै आइरहेका छौँ । यसको प्रभावकारिता पनि बढ्दै जान थालेपछि एक सातासम्मको पूर्वानुमानको तयारी गरिएको हो", उनले भने । उनले विश्वव्यापी मोडलअनुसार अगाडि बढ्न प्राविधिक र वित्तीय स्रोतको अभाव भएकाले क्षेत्रीयस्तरमा सहकार्य गरेर जान सकिने बताए।

मित्र राष्ट्रहरु र अन्य मौसमसम्बन्धी क्षेत्रीय सङ्गठनसँग सहकार्यका लागि छलफल भइरहेको उहाँले जानकारी दिए।

विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीले मौसमसम्बन्धी एक सातासम्मको पूर्वानुमान गर्दा मनसुजन्य विपद्का घटना न्यूनीकरणमा सहयोग पुग्ने विश्वास व्यक्त गरे।

"मौसमसम्बन्धी एक सातासम्मको जानकारी दिँदा ठूलो धनजन र हानी नोक्सानी घटाउने छ विश्वास गर्न सकिन्छ। प्रत्येक वर्ष सर्वसाधरणहरुले बाढी र पहिरोबाट सम्पत्तिको नोक्सान बेहोर्नु परेको छ। सम्पत्तिको सुरक्षा गर्न प्रशस्त समय चाहिन्छ।"

# विश्व हिमोफिलिया दिवसः रोकथाममा मात्र, दीर्घकालीन उपचार छैन




काठमाण्डु। बुधबार विश्वभर हिमोफिलिया दिवस मनाइएको छ । यस वर्ष नेपालमा 'सबै रक्तस्राव पहिचान गर्दै सबैको समान पहुँच' भन्ने नाराका साथ यो दिवस मनाइएको हिमोफिलिया सोसाइटी नेपालले जनाएको छ ।दिवसका अवसरमा आज वीर अस्पतालले आयोजना गरेको कार्यक्रममा हिमोफिलिया रोग प्रायः जसो पुरुषलाई बढी हुने गरेको चिकित्सकहरुले बताएका छन्।

कार्यक्रममा वीर अस्पतालका रगत रोग विशेषज्ञ डा निरजकुमार सिंहले हिमोफिलिया एक्स क्रोमोजोममा असर गर्ने रोग भएकाले पुरुषमा बढी हुने गरेको बताउनुभयो। "महिलाले हिमोफिलियालाई वाहकका रुपमा लिने गर्दछन् । रोगको लक्षण नदेखिने र रोग बोक्नेलाई वाहक भन्ने गरिन्छ । वाहक महिला भन्नाले ति महिलाको आफन्त कोहीमा हिमोफिलिया भएपछि ती महिलामा पनि यो रोग हुन्छ", डा सिंहले भन्नुभयो। उहाँले महिला पनि कहिलेकाहीँ हिमोफिलियाका रोगी हुन सक्ने भन्दै धेरै जसो रोगको वाहकका रुपमा मात्र हुने बताउनुभयो।

ती वाहक महिलाबाट जन्मिने बच्चामा भने हिमोफिलिया सार्ने गर्दछन् । हिमोफिलियाका बिरामी उपचारभन्दा बाहिर रहेको तथ्याङ्कले देखाएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार २०७८ को जनगणनामा चार हजार नौ सय ३७ जना हिमोफिलियाका बिरामी रहेका छन्। तीमध्ये आठ सय ६५ मात्र नियमित उपचारमा रहेका हिमोफिलिया सोसाइटीका अध्यक्ष मुकुन्द घिमिरेले जानकारी दिनुभयो।

अस्पतालका रगत रोग विशेषज्ञ डा सिंहले हिमोफिलिया औषधिको उपचारमा प्रयोग हुने ' क्लटिङ फ्याक्टर' (रगत जमाउने तत्व) नेपालमा उपलब्ध नभएको र अत्यन्तै महङ्गो हुने गरेकाले रोग लागेका व्यक्ति पनि उपचारको पहुँचभनदा बाहिर रहेका बताउनुभयो । उहाँले एकपटक रक्तस्राव भएपछि यसको उपचार रु ३० देखि ३५ हजार पर्ने भन्दै रक्तस्राव भएपछि बिरामीलाई दिनदिनै वा हप्तामा दुईपटकसम्म उपचार गर्नुपर्ने बताउनुभयो।

"हाम्रोजस्तो आर्थिक अवस्था कम भएको मुलुकका बिरामीले क्लटिङ फ्याक्टर किन्न नसक्ने अवस्था छ", डा सिंहले भन्नुभयो, "एक युनिटको सबभन्दा कम मूल्य भनेको रु २५ हो । एकजना बिरामीलाई एकपटकमा रक्तस्राव भएपछि एकपटकमा एक हजारदेखि एक हजार पाँच युनिट औषधि दिनुपर्ने हुन्छ।"

उहाँले उपचार महङ्गो भएकाले सर्वसाधरण बिरामीको उपचारमा पहुँच नभएको बताउनुभयो । "हिमोफिलिया रोगको उपचार महङ्गो छ", डा सिंहले भन्नुभयो, "हामीजस्ता गरिबी देशका जनताले उपचार गर्न सक्दैनन् । सरकारले कुनै न कुनै तरिकाले उपचारमा सहयोग गर्नुपर्दछ ।"डा सिंहका अनुसार परीक्षण तथा उपचारमा लाग्ने ठूलो खर्च र राज्य पक्षबाट आवश्यकता अनुसारको बजेट विनियोजन नहुँदा हिमोफिलिया प्रभावित व्यक्तिहरुको अवस्था दयनीय हुँदै गएको छ।

सरकारले विशेष नीति बनाएर यस्ता बिरामीको पहिचान गरी उपचारमा ल्याउनुपर्नेमा उहाँले जोड दिनुभयो।

डा सिंहले घरमा बसिरहेको अवस्थामा पनि रक्तस्राव हुनसक्ने भएकाले बिरामीले औषधि आफैँले लगाउन सक्ने बताउनुभयो। रगत जमाउने आवश्यक तत्वको कमीका कारण लामो समयसम्म रक्तस्राव भइरहेन अवस्थालाई हिमोफिलिया भनिन्छ । "हिमोफिलिया एक वंशाणुगत समस्या हो भनेर पनि चिनिन्छ । मानव शरीरमा हुने रगतको १३ वटा तत्वमध्ये कुनै एउटा तत्वको कमी भएमा हिमोफिलिया हुन्छ", उहाँले भन्नुभयो, "यो वंशाणुगत र कोषमा उत्परिवर्तन भएर पनि हुन्छ । दुई तिहाई वंशाणुगतबाट हुन्छ भने एक तिहाइ उत्परिवर्तनबाट हुन्छ भन्ने विश्वका विभिन्न देशमा गरिएका अध्ययनहरुले देखाएको छ।"

अस्पतालका हिमाटोलोजी केयर युनिटका इन्चार्ज सुमन गुप्ताले भन्नुभयो, "यो रोग लागेका बिरामीलाई चोटपटक लागेर रक्तस्राव भएमा निको हुने सम्भावना कम हुँदै जान्छ ।" सचेतनाको कमीले उपचार गराइरहेका बिरामीमा पनि रोकथाम हुन नसकेको उहाँले बताउनुभयो ।"हिमोफिलिया प्रभावित व्यक्तिहरु चोटपटक लाग्न सक्ने स्थानबाट सकभर जोगिनुपर्ने हुन्छ", गुप्ताले भन्नुभयो, "शरीरमा रगत जमाउने आवश्यक तत्वमध्ये कुनै तत्वको मात्रा एक प्रतिशतभन्दा कम भएका गम्भीर हिमोफिलिया, एकदेखि पाँच प्रतिशतसम्म भएमा मध्यम हिमोफिलिया र पाँच प्रतिशतभन्दा माथि भएका अल्प हिमोफिलिया भनिन्छ।"

रोकथाम मात्र दीर्घकालीन उपचार छैन

वीर अस्पतालमा रक्तरोग विशेषज्ञ डा सिंहले हिमोफिलिया रगत बगेको बेला उपचार गरेर रगतलाई कम गर्ने हो तर यसको दीर्घकालीन उपचार सम्भव नभएको बताउनुभयो । "रगत बग्न नदिनु नै यसको उपचार हो", उहाँले भन्नुभयो, "जुन रगत जमाउने आवश्यक तत्वको कमी हुन्छ। त्यही तत्वलाई रगत जमाउनका लागि प्रोटिन दिनुपर्ने हुन्छ।"

समयमै पहिचान हुन नसक्दा हिमोफिलिया भएका व्यक्तिहरुले दुःख पाएको, हेरचाह र उपचारमा समस्या हुने गरेको डा सिंहको भनाइ छ । हिमोफिलियाका बिरामी चोटपटकबाट बच्नुपर्ने भन्दै रक्तस्राव भएको खण्डमा औषधि लगाई आराम गर्नुपर्ने उहाँले बताउनुभयो। नेपालमा हिमोफिलियाको परीक्षण राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकु, त्रिवि शिक्षण अस्पताल महाराजगञ्ज र निजामती कर्मचारी अस्पताल नयाँ बानेश्वरमा गर्ने गरिएको छ । हिमोफिलियाका कारणले जीउमा नीलडाम देखिने, जोर्नी तथा मांसपेशीहरु सुन्निने र दुख्ने गर्दछ। यस्ता व्यक्तिमा चोटपटक लागेर रगत बगेमा लामो समयसम्म रगत नरोकिने हुन्छ। यसको उपचारका लागि रगत जमाउने प्रोटिन दिनुपर्ने चिकित्सकको भनाइ छ ।रासस

# जेएमई र मनिग्राम इन्टरनेशनलबीच सझेदारी सम्झौता




टुडे समाचारदाता

काठमाण्डु । जापानस्थित जापान मनी एक्सप्रेस कम्पनी लिमिटेड (जेएमई) र मनिग्राम इन्टरनेश्नल (आइएनसी)बीच विश्वका विभिन्न देशमा रहेका समुदाय, परिवार तथा व्यक्तिहरुलाई अन्तरदेशीय विप्रेषण सञ्जालमा जोड्ने गरी साझेदारी सम्झौता भएको छ।

सम्झौताअनुसार जापान मनी एक्सप्रेसले आफ्नो पहुँच बिस्तार गरी ग्राहक सदस्यलाई जापानबाट विश्वका विभिन्न देशमा पैसा पठाउन सहजता प्रदान गरेको जेएईका अध्यक्ष ओम गुरुङले बताउनुभयो।

जापान मनी एक्सप्रेसले आफ्ना ग्राहक सदस्यलाई जेएमई मोबाइल एप रजिष्ट्रर गरी सोबाटै आफैँले पैसा पठाउन सकिने व्यवस्था मिलाएको छ। आफूले पठाउने पैसा भुक्तानी गर्नका लागि लसोन कार्डको व्यवस्थालगायत ग्राहक सन्तुष्टिका लागि मोबाइल एपमार्फत विभिन्न किसिमको डिजिटल सेवासहित आफ्नो स्तरवृद्धि गर्दै गएको छ।

अब जेएमई मोबाइल एप रजिष्ट्रर गरी सो एपबाट आफूले चाहेको जुनसुकै देशमा जुनसुकै समयमा पैसा पठाउन सकिने छ। ग्राहकहरुले सेवा शुल्कबिनै पैसा पठाउन सकिने, प्वाइन्टस् प्रयोग गरी सेवा शुल्क घटाउन सकिने विशेषताहरु थप गरेको छ ।जापान मनी एक्सप्रेस कम्पनी लिमिटेड जापानमा रहेका नेपालीद्वारा सञ्चालन गरिएको पहिलो विप्रेषण कम्पनी हो । जसले विगत १४ वर्षदेखि जापानबाट विश्वका विभिन्न देशमा पैसा पठाउन सहजता प्रदान गर्दै आएको छ।

हालसम्म जापान मनी एक्सप्रेसले मनिग्राम इन्टरनेशनल आइएनसीलगायत विश्वका ११ अन्तर्राष्ट्रिय साझेदार बैंक तथा विप्रेषण कम्पनीसँग रेमिट्यान्ससम्बन्धी काम गर्दै आइरहेको पनि गुरुङले जानकारी दिनुभयो । कम्पनीले नेपाल, भारत, पाकिस्तान, श्रीलङ्का, बङ्गलादेश, इन्डोनेसिया, कम्बोडिया,फिलिपिन्स,भियतनाम, दक्षिण कोरिया, म्यानमार र मङ्गोलियामा सहजै पैसा पठाउन सकिने बताएको छ ।रासस

# अभिभावकको प्रयासमा सुधारिएको सामुदायिक विद्यालय

धरान। सरकारको मात्र मुख नताकी विद्यालय आफ्नै प्रयासमा पनि सुधार गरी अभिभावक र विद्यार्थी आकर्षित हुन्छन् भन्ने उदाहरण बनेको छ, धरान उपमहानगरपालिका-१२ स्थित ' पब्लिक हाइस्कुल'।

धरानकै अन्य विद्यालयमा विद्यार्थीको संख्या घटिरहेका बेला पब्लिकमा भने बर्षेनि विद्यार्थी बढेका बढ्यै छन्। विद्यार्थीको चाप अत्यधिक भएपछि विद्यालयले हरेक वर्ष प्रवेश परीक्षाबाट छनोट गरेर क्षमताअनुसारका मात्र विद्यार्थी भर्ना गर्ने गरेको छ। नयाँ शैक्षिकसत्रमा भर्ना हुने विद्यार्थीको संख्या दोब्बरभन्दा बढी भएपछि विद्यालयमा मङ्गलबार प्रवेश परीक्षा सञ्चालन भयो । विद्यालयले नर्सरीदेखि कक्षा ९ सम्म जम्मा तीन सय १४ विद्यार्थीका लागि भर्ना आह्वान गरेकोमा प्रवेश परीक्षामा सात सय १२ जना सहभागी भएको विद्यालयका संयोजक वीरेन्द्रबहादुर साहले जानकारी दिनुभयो।



मङ्गलबार पब्लिक हाइस्कुलमा आफ्ना सन्तानलाई प्रवेश परीक्षाका लागि ल्याउनेमा इटहरीस्थित सिबी कलेजमा प्रिन्सिपल सागर भट्टराई पनि एक हुनुहुन्थ्यो। उहाँले पब्लिकमा पढाइ राम्रो भएकाले छोरालाई भर्ना गराउन चाहेको बताउनुभयो । उहाँले भन्नुभयो, "पहिला आफूले पढाएका धेरै विद्यार्थी अहिले यहि विद्यालयमा शिक्षक छन्, उनीहरुप्रतिको विश्वासले पनि दिल्ली पब्लिक स्कुलबाट छोरालाई यहाँ ल्याउन चाहेको हुँ ।"धरानका सुदर्शन श्रेष्ठले पनि निजी विद्यालयमा पढिरहेका छोरालाई पब्लिकमा प्रवेश परीक्षाका लागि ल्याउनुभएको थियो। उहाँले सो विद्यालयमा पढाइरहेका अन्य अभिभावकले पढाइ राम्रो रहेको बताएपछि आफूले पनि ल्याउन चाहेको जानकारी दिनुभयो ।अभिभावक प्रविना लिम्बुले सामुदायिक विद्यालय भएपनि पब्लिकमा गाडी र अन्य धेरै सुविधा पनि भएकाले आफू आकर्षित भएको बताउनुभयो । त्यस्तै राधिका कार्कीले पनि विभिन्न विषयको पढाइ हुने जानकारी पाएर यही विद्यालयमा भर्ना गर्न चाहेको बताउनुभयो।

विद्यालयका शिक्षक-अभिभावक सङ्घ अध्यक्ष राजेन्द्र किरातीले विद्यालयले अभिभावकसँग पटक-पटक छलफल र सहकार्य गरेर पठनपाठनमा सुधार गर्दै लगेका कारण अभिभावकहरुको आकर्षण बढेको बताउनु भयो। उहाँ भन्नुहुन्छ, "पहिला यो विद्यालय पनि अन्य सामुदायिक विद्यालय भन्दा फरक थिएन तर जब विद्यालयले अभिभावकसँग समस्या राखेर समाधानको बाटो खोज्यो त्यसपछि अभिभावककै सहयोगमा विद्यालय चलिरहेको छ। हामी अभिभावक पनि खुसी छौं ।"विद्यालयले विद्यार्थीका अभिभावकसँग आर्थिक सहयोग जुटाएर विभिन्न सुविधा थप गरिरहेको छ । पब्लिकसँग हाल छ वटा विद्यालय बस छन्। ल्याव, पुस्तकालय तथा मन्टेश्वरी कक्षा पनि सञ्चालन छ।

विद्यालयका प्रधानाध्यापक डा इन्द्रमोहन झा अभिभावकको सहयोगकै भरमा विद्यालयको स्वरुप परिवर्तन भएको बताउनुहुन्छ । उहाँका अनुसार विद्यालयमा शिक्षक र कर्मचारी गरेर हाल एक सय ९२ जना कार्यरत हुनुहुन्छ । त्यसमध्ये जम्मा ४० जनाको मात्र सरकारले तलब दिन्छ। बाँकीलाई अभिभावकसँग सहयोग जुटाएर तलबको व्यवस्थापन गरिएको छ। उहाँ भन्नुहुन्छ, "दश वर्षअघिसम्म यो विद्यालय पनि अरु सामुदायिक विद्यालयभन्दा फरक थिएन । गुणस्तर कमजोर थियो । हामीले अभिभावक र सरोकारवालासँग छलफल गरेर सुधारको प्रयास गर्दा अभिभावकले सहयोग गर्नुभयो । अहिले त्यसैको भरमा चलेका छौं।"विद्यालयमा नर्सरीदेखि कक्षा १२ सम्म जम्मा तीन हजार पाँच सय हाराहारी विद्यार्थी छन् । यो विद्यालयलाई सरकारले नमूना विद्यालयका रुपमा समेत छनोट गरेको छ। यसपटकबाट सरकारले विज्ञान पठनपाठनका लागि कार्यक्रम सञ्चालन गर्न पब्लिकलाई पनि छनोट गरेको छ। विद्यालयमा हाल इलेक्ट्रिकल इञ्जिनियरिङ, कम्प्युटर साइन्स, कम्प्युटर म्यानेजमेन्ट, होटल म्यानेजमेन्ट, ब्युटिसियन कक्षा समेत सञ्चालन भइरहेका छन् । हाल नर्सरीदेखि ९ कक्षासम्म अंग्रेजी माध्यम र १० देखि १२ सम्म नेपाली र अङ्ग्रेजी दुवै माध्यमबाट पठनपाठन भइरहेको प्रधानाध्यापक डा झाले बताउनुभयो।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घको कोशी प्रदेश समिति सचिव तथा पब्लिक हाइस्कुल विद्यालय व्यवस्थापन समिति अध्यक्ष हरिबहादुर कार्की विद्यालय र अभिभावककै पहलमा शैक्षिक वातावरण सुधार गरिएका सामुदायिक विद्यालयहरुमा आकर्षण बढेको बताउनुहुन्छ। सरकारले निशुल्क शिक्षा घोषणा गरेपनि सबै विद्यालयहरुलाई पूर्वाधारयुक्त बनाउन नसक्दा धेरैमा समस्या रहेको उहाँको गुनासो छ।

उहाँ भन्नुहुन्छ, "अहिले विद्यालय र अभिभावकको सहकार्य भएका सामुदायिक विद्यालयहरुमा पठनपाठन राम्रो छ तर सरकारको मात्र भर परेर बसेका विद्यालयहरुमा विद्यार्थी संख्या घटिरहेका छन् । यस विषयमा सरकारले बेलैमा ध्यान दिनु जरुरी छ।"रासस

## तपाईको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख। |
| बृष | : धन वृद्धि सञ्चय। |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख। |
| कर्कट | : सुख समृद्धि हुने। |
| सिंह | : भ्रमण अवसर हुने। |
| कन्या | : अवसर प्राप्त। |
| तुला | : वाद विवादबाट बच्नु। |
| वृश्चिक | : पुरस्कार प्राप्त लाभ। |
| धनु | : नयाँ कार्य हुने। |
| मकर | : बौद्धिक क्षमता। |
| कुम्भ | : प्रतिभा सम्पन्नता। |
| मीन | : शिक्षामा उन्नति। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# रगत व्यवस्थापनमा सक्रिय जनकपुरधामका युवा



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरका कार्तिकेश झाले न कहीँबाट रकम पाएका छन् न उनको जागिर छ। तर रगतकै अभावले विरामीको मृत्यु नहोस भनेर उनी निस्वार्थ खटिएका छन् । आफ्नो पढाई र काम सक्किनसाथ उनी कहिले विद्यालय त कलेजमा रगतको कुरा गर्न आइपुग्छन् ।

झा ब्लड फर नेपाल नामक गैरसरकारी संस्थाका धनुषा जिल्ला सदस्य हुन् । यो संस्थाले पछिल्लो केही महिनायता जनकपुरधाममा रगत सचेतना कार्यक्रम गर्दै आएको छ। रक्तदान कसरी गर्ने ,कति बेला गर्ने ,किन गर्ने लगायतका विषयमा विधार्थीहरुलाई झा सहित संस्थाका सदस्यहरुले प्रशिक्षण दिइरहेका छन् । रगतको आवश्यकता, महत्त्व, रक्तदानको फाइदा र यसको विद्यमान अवस्था लगायतका विषयमा केन्द्रित रहेर उनीहरूलाई स्लाइड मार्फत् प्रस्तुतिकरण गरेर ब्लड फर नेपालले प्रशिक्षण दिइरहेको हो ।

'रगतको आवश्यक्ता रगतले नै पुरा गर्न सक्छ। तर यो पदार्थ हामीले बनाउन सक्दैनौं। इमरजेन्सीका बेला रगत अभाव हुँदा हामी सबैलाई चाहिने रगत नै हो। तर यो न खेतमा फल्छ न फैक्ट्री मा उत्पादन हुन्छ। मानिसको शरिरमा मात्र पाँउछ। त्यसैले मानिसलाई सचेत गराउन एकदमै जरुरी छ,' उनी भन्छन्, 'रगतको महत्व र रक्तदानको आवश्यक्ताबारे ग्राउण्ड लेभलबाटै सचेतना गर्ने किसिमले विधालयका कक्षा ११ र १२ सहित ब्याचलरका विधार्थीहरु राखेर हामी सचेतना कार्यक्रम गरिरहेका छौ ।' रगतको आवश्यकता पर्दा कहाँ जाने, कसरी रगत व्यवस्थापन गर्नेबारे विद्यार्थीलाई समान्य ज्ञानको समेत अभाव देखिएको उनको भनाई छ । जनचेतना अभावले रगत व्यवस्थापन गर्न नसकेर कतिपय विरामीको अकालमै मृत्यु भएको घटनाहरु भएकाले यो कार्यक्रम प्रत्येक विधालयमा संचालन गर्ने आफुहरुले प्रयास गरिरहेको उनको भनाइ छ ।

'कलेजमा ५०-६० जना विधार्थीहरु राखेर उनीहरुलाई रगत बारे प्राविधिक र व्यवहारिक कुराहरु सलाइड मार्फत सिकाउँछौं र यो सिकाई एकदमै प्रभावकारी देखिएको छ,' ब्लड फर नेपाल धनुषा टिमका सदस्य विकास साहले भने । उनका अनुसार कार्यक्रम गरे वापत भने कसैले संस्थालाई आर्थिक सहयाता दिने गरेको छैन् । निःस्वार्थ भावनाले मानवताको नाताकाले आफुहरु खटिरहेको साहको भनाई छ ।

'आऊँ रगत का कुरा गरौ, आऊ रगत का कुरा बुझौ'' नारा लिएर धनुषाको विभिन्न ठाउँमा रक्तदान सचेतना कार्यक्रम आयोजना गर्दै आएको ब्लड फर नेपालले जनकपुरधामका मोडेल मल्टिपल कलेज, मोनाष्टिक आवासीय माध्यामिक बिधालय, राराब क्याम्पस, यज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय (ज्ञानकुप) , सेन्ट्रल इन्जिनियरिङ कलेज, जनकपुर ऐकेडेमी स्कुलमा कार्यक्रम गरिसकेका छन् । त्यस्तै धनुषाकै महेन्द्रनगरमा रहेको गंगोत्री मावि, दर्शनिया रामेश्वर सिंह कुशवाहा एकेडमी लगायत वटेश्वर गाँउपालिकाका केही विद्यालयमा समेत यो कार्यक्रम उनीहरुले गरिसकेका छन् ।

त्यस्तै बारा जिल्लाको निजगढस्थित श्री गौरीशंकर माध्यमिक विद्यालय र गौरीशंकर क्याम्पस र महोत्तरीको गौशालामा रहेको त्रिभुवन सेकेन्ड्री स्कुल र भानुभक्त मेमोरियल सेकेन्ड्री इङलिस बोर्डिङ स्कुलमा समेत यो कार्यक्रम समपन्न भइसकेको छ । धनुषा जिल्लामा रक्तदान सचेतना कार्यक्रममा ब्लड फर नेपाल धनुषाका सदस्य बिकाश साह,अमित यादव, सोनाली साह ,कार्तिकेश झा, संजय साह ,रवि प्रसाद गुप्ता सक्रिय हुन्छन् भने महोत्तरी मा संजय सिंह कुशवाहा ,अजय अधिकारी र दिपक महतो लगायतका सदस्यहरू प्राय सक्रिय देखिन्छन्। अध्ययनसँगै सामाजिक सेवामा सक्रिय रहेका ब्लड फर नेपाल धनुषाका सदस्य कृष्ण कुमार महतो अध्ययनको सिलसिलामा काठमाण्डौ बस्छन् तर कलेजको विदा सक्ने बित्तिकै गाँउ घरमा रगत विषय सँग जोडेर विभिन्न किसिमको प्रतियोगिता र अभियान चलाउने गर्छन्। 'हामी रगतका विषयमा कुनै डिग्री लिएक छैनौं। न त हामी रगतका बारे वकालत गर्ने प्रशिक्षक हौं । हामी साथिहरु विभिन्न संकायमा ब्याचलर अध्ययनरत विद्यार्थीहरु नै छौं । हामी रगतका बारेमा विभिन्न अनलाइन र पत्रपत्रिकामा पढेका छौं। केहि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय डाक्टरको सरसल्लाह अनुसार स्लाइड बनाएर विधार्थीहरु माझ जानकारी पस्किने गरेका छौं, उनी भन्छन्, 'हामीले सिकाउने ठाउँमा हामीभन्दा ठुला ठुला विधार्थीहरु क्लासमा सहभागी हुन्छन्। हामीले यसलाई सिक्ने र सिकाउने माध्यम बनाएर आगाडि बढेका छौं। यसले हामीहरुलाई बोल्ने , समस्या पहिचान, नेतृत्व र प्रस्तुतिकरणमा क्षमता अभिवृद्धि हुने हामीले विश्वास गरेका छौं।'

ब्लड फ़ार नेपालले बिग्त ५ बर्ष देखी धनुषा लगायत देशका अन्य विभिन्न ठाउँहरु मा बिरामी लाई रगत आवश्यक परेको बेला रगत जुटाऊन र रगत सम्बन्धी सचेतना क्रयाक्रम गर्दै आइरहेको ब्लड फर नेपाल धनुषा टिमका संयोजक भवानी प्रसाद साहले बताए । उनका अनुसार विधालय, कलेजलाई प्राथमिकतामा राखेर त्यहाँ अध्ययनरत विधार्थीहरुलाई यसबारे सचेत गराउन आवश्यक रहेको हुँदा उनीहरूबाट नै यो सचेतनालाई व्यापक रुपमा आमजनसमुदायमा पुर्याउने संस्थाको लक्ष्य छ । ब्लड फर नेपाल रक्तदाता खोजेर बिरामीलाई रगत उपलव्ध गराउने काम गर्दै आएको नाफा नकमाउने गैरसरकारी संस्था हो। संस्थाले डाटा हेरेर कुन ठाउँका बिरामीलाई कुन समूहको रगत चाहिएको हो भन्ने निधो गरेर तुरुन्तै पुग्न सक्ने रक्तदातालाई फोन गर्छ र बिरामीका अफन्तसँग सम्पर्क गराइदिन्छ। यस कामका लागि संस्थामा स्वयंसेवकहरू गठन गरेर काम गरिहेका छन्।

ब्लड फर नेपालले मधेस प्रदेशका विभिन्न जिल्लाहरूमा गएर विधालय,कलेजका विधार्थीहरुसँग रक्तदान सचेतना कार्यक्रम गरिरहेको छ। धेरै किसिमका अभियान मध्ये सबैभन्दा महत्वपुर्ण अभियान रगत अभियान रहेको कुरा वल्ड फर नेपालका संस्थापक अध्यक्ष सरोज कुमार महतो बताउँछन्।

सरोज भन्छन्, हामी यो छ महिनाको अवधिमा धनुषा, महोत्तरी र काठमाडौं उपत्यका भरिमा जम्मा लगभग ३२०० विधार्थीहरु माझ यो अभियान लिएर पुगिसकेका छौं। 'हामी डोनर (रक्तदाता) र बिरामीका बीचमा मेडिएटर (माध्यम) को काम गर्छौं। हामीले अहिलेसम्म रक्तदान गर्ने १० हजार व्यक्तिको नाम-ठेगानाको डाटा संकलन गरेका छौँ।' सरोजका अनुसार हाल चारवटा प्रदेशका विभिन्न ठाउँमा सय जना स्वयंसेवक छन्। उनीहरू धेरैजसो विद्यार्थी हुन्।

हामी असल नागरिक बन्ने जमर्को गर्दै छौँ। बिरामीलाई रगत जुटाइँदिदाको खुसी बयान गरेर साध्य हुँदैन, बेग्लै आनन्द महसुस हुन्छ,' सरोज भन्छन्, 'हामी रगत जुटाइदिएर पैसा लिँदैनौँ। जीवनयापनका लागि आआफ्नै काममा छौँ।'

'घरपरिवार मा रक्तदान गर्ने विधि (प्रक्रियाको बारेमा थाहा नहुँदा रगत आवश्यक परेको बेला भौतारिने अवस्था आएको कुरा मोनाष्टिक कलेज कक्षा १२ कानुन संकायमा अध्यनरत छात्रा राधा नागवंसी बताउँछिन्।

'रक्तदानका विषयमा रहेका विभिन्न किसिमका अफवाह बारे सहि ढङ्गले हामी बुझेका छौँ । रक्तदान गरेपछि कमजोरी हुन्छ, दुब्लो पातलो भइहाल्छ भनेर सुनेको थिए तर त्यसतो नहुदो रहेछ । अब म पनि रक्तदान गर्छु । रक्तदान किन गर्नुपर्छ भन्ने कुरा आफ्नो घरपरिवारका सदस्यलाई पनि सिकाउँछु,' उनले भनिन्।

# चार बर्ष पछि दुहवीमा लाग्यो हाट, स्थानीय खुशी



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको विदेह नगरपालिका वडा नम्बर २ दुहबी गोबराही चोकमा चार वर्षपछि हाटबजार सञ्चालनमा आएपछि किसानहरू हर्षित भएका छन् । गाउँलेहरूका बीचमा अन्तद्वन्द्व चुलिएपछि गत २०७६ सालमा यहाँको साप्ताहिक हाटबजार बन्द भएको थियो । त्यसयता किसानलाई आफ्ना उत्पादन बेच्नका लागि करिब पाँच किलोमिटरको दुरीमा रहेको तीनकौरिया चोकस्थित बजारसम्म पुग्न बाध्य हुनुपरेको थियो ।

दुहबी र गोबराहीको बीच भागमा पर्ने बजारमा नयाँ वर्षका दिनबाट हाट लाग्न थालेपछि आफ्ना खेतबारीमा उत्पादित बालीनाली बेच्न साताका दुईपटक पर्तिरका गाउँसम्म धाउनपर्ने किसानको विवशतामात्र सकिएको छैन, स्थानीयले गाउँमै ताजा तरकारी किन्न पाउने सुविस्ता पाएका छन् ।

गाउँको विद्यालयसँगै जोडिएको हाट सञ्चालनमा आउँदा उब्जनी बेच्न एक गाउँबाट अर्को गाउँसम्म सामग्री ओसार पसार गर्न मुश्किल हुने किसानको सकसमा विराम लागेको छ । तिनीहरूले गाउँकै हाटमा आफ्ना उत्पादन उचित मूल्यमा बेच्न पाएका छन् ।

दुहबीको कृषि हाटबजार आइतबार, बुधबार र शुक्रबार गरी हप्ताको तीन दिन लाग्नेछ । गाउँमै कृषि हाटबजार सञ्चालन भएपछि यहाँका बासिन्दाका लागि दीपावली नै गर्ने अवसर निम्त्याएको विदेह नगरपालिकाका कार्यपालिका सदस्य शत्रुधन रायले बताए ।

उनले चार गाउँका बीचमा रहेको सो हाटबजारबाट तरकारी उब्जाउने किसानसँगै आम जनतालाई सुविधा भएको उल्लेख गरे । उनले भने, 'चार वर्षअघि हाटबजार लाग्न छाडेपछि जनतालाई निकै अप्ठ्यारो परेको थियो । त्यसैले नगरप्रमुख, उपप्रमुख र वडाध्यक्षहरूका पहलमा कार्यपालिकाको निर्णयबाटै हामीले हाटबजार सञ्चालनमा ल्याएका हौं ।'

स्थानीय हाटबजारमा कृषि उत्पादन बेच्न महिलाको सँख्या उल्लेख्य हुन्छ । टाढासम्म पुगेर सामान बेच्दा पुरुषको तुलनामा महिलालाई बढी कष्ट बेहोर्नुपर्ने स्थिति थियो । तरकारी व्यावसायी एक महिलाका अनुसार गाउँमा हाट सुरु भएपछि छरिवरि भएर लाग्ने बजार एक ठाउँमा आएको छ ।

उनले भनिन, 'तरकारी बेच्नकै लागि जेनतेन तीनकौरिया चोक पुग्नुपर्थ्यो । हाटबजार लाग्न थालेपछि गाउँको एक ठाउँमै सबैथोक बेच्न र किन्न पाइने भएको छ ।' स्थानीयका अनुसार विसं २०७६ सम्म सोही स्थानमा ठूलो हाटबजार लाग्ने गरेको थियो । उक्त हटियामा स्थानीय उत्पादन आलु, पयाज, काउली, परवल, कदिमा, तेजपत्ता, स्याउ, सुन्तलालगायत तरकारी तथा फलफूल खरिदबिक्री गर्न मानिस आउने गर्दथे ।

छिमेकी देश भारतबाट समेत भरिया लिएर व्यापारी त्यस हटियामा आउनेजाने गरेका थिए । 'त्यति ठूलो हाटबजार विभिन्न कारणले बन्द हुनपुग्यो, जनप्रतिनिधि हुनुका नाताले केही वर्ष पहिलेदेखि पटकपटक हाटबजार सञ्चालन गर्न पहल गरेको थिएँ तर सफलता भने अहिले प्राप्त भएको छ,' नगरप्रमुख बेचन दासले भने, 'स्थानीय किसानको उत्पादन खपत अब यहीं हुनेछ । व्यावसायिक रूपमा तरकारी तथा फलफूल उब्जाउन साना किसानलाई यो हाटबजारले प्रोत्साहन दिनेछ ।'


गाउँबाट ल्याइएका कृषि सामग्री खरिदबिक्रीले किसान तथा उपभोक्ताको सिधा सम्पर्क हुने र किसानले उचित मूल्य पाउने हुँदा यहाँका साना किसानको जीविकोपार्जनमा टेवा पुग्ने विश्वास नगरप्रमुख दासको छ ।

हाटबजार सञ्चालनमा आएपछि आफ्नो खाजा तथा किराना पसलमा चहलपहल पनि ह्वात्तै बढेर व्यापारवृद्धि भएको स्थानीय व्यापारी बताउँछन् । लोप भइसकेको हाटबजार पुनर्सञ्चालनले किसान र उपभोक्ता दुवैलाई फाइदा हुने नगर उपप्रमुख आशादेवी झाले बताइन् । हाटबजारको विस्तार र संरक्षणमा आफूहरू लागिपरेको भन्दै उनले स्थानीय कृषिजन्य वस्तुको बजारीकरण गर्न हाटबजारले निकै सघाउ पुऱ्याएको जानकारी दिइन् ।

चार बर्षभन्दा बढी समयपछि दुहबीगोबराही चोकमै पुनः हाटबजार सञ्चालनपछि स्थानीय उत्पादनले बजार पाउँदा किसान आर्थिक रूपले सबल र आत्मनिर्भर हुने अपेक्षा गरिएको छ । गाउँमै हाटबजार लाग्ने भएपछि उनीहरू थप मिहिनेती र उद्यमशील बन्नेछन् ।

सो हाटबजार सञ्चालन गराउन वडाध्यक्ष रामपुकार सहनी, वडाध्यक्ष रामश्रेष्ठ सहनी, कार्यपालिका सदस्य शत्रुधन राय, हरि कुसैयत, ब्रहम्देव दास, सन्तोष यादवलगायत स्थानीय बुद्धिजीवीहरूले समेत पहल गरेका थिए ।

# रामको जन्मदिनका अवसरमा शोभायात्रा



**टुडे समाचारदाता**

राजविराज । मर्यादा पुरुषोत्तम भगवान श्रीरामको जन्मदिनको अवसरमा बुधवार राजविराज-६ स्थित राम मन्दिरमा विषेश पूजा अर्चना गरिएको छ ।

वडा वडाबाट बाजा गाजा, लाबालस्कर सहित आएका श्रद्धालुले पूजा आजा पछि नगरमा शोभायात्रा समेत लिकालेका छन् ।

रामसीताको दर्शन गर्न हजारौ श्रद्धालु मन्दिर परिसरमा भेला भएपछि बाजा गाजा सहित शोभायात्रा निकालिएको थियो । सो क्रममा सहभागीहरुद्वारा लगाइएको "जय श्रीराम"को नाराले नगर गुञ्जयमान बन्यो । रामनवमीका अवसरमा जिल्लाका अन्य पालिका स्थित राम मन्दिरहरुमा समेत विहानै देखी दर्शनार्थी भक्तजनको घुईचो देखिन्थ्यो ।

भगवान रामले मानव जीवनलाई सत्यको मार्गमा लाग्ने प्रेरणा दिएको भन्दै उनको श्रद्धा र सम्मानमा जन्मदिनलाई रामनवमी पर्वको रुपमा मनाउन थालिएको धार्मिकग्रन्थमा उल्लेख छ ।

# युथ एकेडेमी र रुपनी राइडर्सलाई सफलता

**टुडे समाचारदाता**

राजविराज । जिल्लास्तरीय "ए" डिभिजन लिग टि-ट्वाईन्टी क्रिकेट प्रतियोगिता बुधवार देखि सुरु भएको छ ।

राजविराज स्थित पब्लिक विन्देश्वरी माध्यमिक विद्यालयको खेलमैदानमा प्रतियोगिता सुरु भएको छ । प्रतियोगिताको राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीनले ब्याटिङ्ग तथा वडा अध्यक्ष राम एकवाल यादव र शशी चौधरीले क्रमशः बलिङ्ग र विकेट किपिङ्ग गर्दै उदघाटन गरेका छन ।

सो अवसरमा कार्यवाहक प्रमुख परवीनले खेलकुदको विकासका लागी आफुले साधन श्रोतले भ्याए सम्म सहयोग गर्ने प्रतिबद्धता जनाईन । प्रतियोगितको पहिलो एक पक्षिय खेलमा युथएकेडेमी क्रिकेट क्लब राजविराजले तिलाठी कोईलाडी क्रिकेट टिमलाई ७ विकेटले पराजित गरेको छ । टस जितेर ब्याटिङ्ग रोजेको तिलाडी कोइलाडी क्रिकेट टिम ५ ओभर मै ३४ रनको झिनो स्कोरमा समेटिएको थियो । जवाफी ब्याटिङ्गमा उत्रेको युथएकेडेमी क्रिकेट क्लब ९ दशमलव ३ ओभरमा ३ विकेट गुमाउदै विजय लक्ष्य प्राप्त गऱ्यो ।

बुधवार नै सम्पन्न दोश्रो खेलमा रुपनी राइडर्सले कंचनरुप क्रिकेट क्लबलाई ६ विकेटले पराजित गर्दै विजयी थालनी गरेको छ । टस जितेर ब्याटिङ रोजेको कंचनरुप क्रिकेट क्लबले निर्धारित २० ओभरको खेलमा ४ विकेट गुमाउँदै १ सय १७ रन बनाएको थियो ।

प्रत्यउत्तरमा १ सय १८ रनको बिजय लक्ष्य लिएर मैदानमा ओर्लेको रुपनी राइडर्सले ४ विकेटको क्षतिमा बिजयी लक्ष्य प्राप्त गरेको थियो ।

क्रिकेट विकास प्रतिष्ठान राजविराजको आयोजनामा संचालित प्रतियोगितमा युथ एकेडेमी, सबल नेपाल, राजदेवी राईजिङ्ग क्बल, रुपनी राईडस, बजाज खडक यङ्ग एलेवन, माँ काली छिन्नमस्ता क्लब, बाईइसी कंचनरुप क्रिकेट क्लब र तिलाठी कोईलाडी क्रिकेट क्लब गरी कुल ९ टिमको सहभागिता रहेको प्रतिष्ठानका अध्यक्ष इन्जिनीयर इन्द्र नारायण देवले जानकारी दिए ।

प्रतियोगिता बैशाख १२ गते सम्म चल्नेछ । यस अघि प्रतिष्ठानका अध्यक्ष इ.देवको अध्यक्षतामा आयोजित उदघाटन समारोहमा प्रमुख अतिथी कार्यवाहक नगर प्रमुख परवीन, वडाअध्यक्षद्वय राम एकवाल यादव, शशी चौधरी, नेपाल खेलकुद पत्रकार मञ्च सप्तरीका अध्यक्ष मनोज कुमार माझी, प्रतिष्ठानका सचिव भोगेन्द्र चौधरी, एम्पायर संघका अध्यक्ष निरज कुमार सिंह, क्रिकेटका प्रशिक्षक धम्रेन्द चौधरी, जिल्ला क्रिकेट संघका सदस्य शम्भू दास लगायतले शुभकामना दिएका थिए ।

# पोल्टी फार्ममा आगलागी हुँदा लाखौँको क्षति

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको विष्णुपुर गाउँपालिका ६ स्थित एक पोल्टी फार्ममा आगलागी हुँदा लाखौँको क्षति भएको छ । विष्णुपुर गा.पा. ६ स्थित बैरगमा गाउँमा सञ्चालित राजीव पोल्टी फार्ममा मंगलबार राती आगलागी हुँदा लाखौँको क्षति भएको हो ।

स्थानीय सूर्य नारायण साहले सञ्चालन गरेको फार्ममा आगलागी हुँदा ११ लाख बराबरको क्षति भएको प्रहरीको प्रारम्भिक अनुमान छ । मगंलबार मध्यरातको समयमा आगलागी हुँदा फर्ममा रहेको कुखुरा २ किलो बराबरको वजन भएको ५ सय कुखुरा, ७ सय चल्ला, विद्युतीय मटर, कृषि मिटर, २ क्वाइल तार, दाना २० बोरा, २ वटा घर र फार्ममा प्रयोग हुने विभिन्न सामग्री जल्दा ११ लाख बराबरको क्षति भएको फार्म सञ्चालक साहले सञ्चारकर्मीलाई जानकारी दिनुभयो ।

राजविराज नगरपालिकाका वारुण यन्त्रको सहयोगमा स्थानीयबासी, प्रहरीले झण्डै चारघण्टा अथक प्रयास पछि आगोलाई नियन्त्रणमा लिएका थिए ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक ढुण्डिराज न्यौपानेले कसरी आगलागी भएको कुरा खुल्न नसकेको तथा घटना बारे अनुसन्धान भइरहेको बताउनुभयो । पीडितले दिएको किटानी जाहेरीको आधारमा घटना बारे छानबिन गर्ने उहाँले बताउनुभयो ।


**गणेशमानचारनाथनगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**बिरेन्द्रबजार, धनुषा, मधेश प्रदेश**

## बोलपत्र स्वीकृतिको सूचना


प्रकाशितमितिः २०८१।०१।०६

यस कार्यालयबाट राष्ट्रिय दैनिक जनकपुर टुडे पत्रिकामा मिति २०८०।१२।०९ तथा २०८०।१२।११ मा प्रकाशित निम्न निर्माण तथा खरिद कार्यहरुको बोलपत्र आव्हानको सूचना अनुसार म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरु र दरभाउपत्रहरुमध्ये तपसिलमा उल्लेख भएका बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिकालागि छनौट भएको हुँदा सार्वजनिकखरिद ऐन, २०६३ को दफा २७ (२) र दफा ४७को प्रयोजनार्थ सम्बन्धितबोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. सं. | बोलपत्र नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम | कबोल रकम |
|---|---|---|---|---|
| 1 | GCM/NCB/ Works/03/ 2080-81 (re-bid) | Chisapanira Chhotakidamaarma Khanepani byabsthapan, GCM-05 | Sweta Darshan Nirman Sewa Construction, GCM-8 | 85,90,169.76 (with Vat and PS) |
| 2 | GCM/SQ/ Goods/04/2080-81 | Procurement of Medicine | Lav Medical, Jaleshwor-4 | 22,03,951.00 (without Vat) |

प्रमुखप्रशासकीयअधिकृत



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# विपक्षलाई पनि साथ लेउ

मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले चौथों पटक विश्वासको मत प्राप्त गरेका छन् । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस, विपक्षी दलहरु जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)को कडा प्रतिरोधको बीच मुख्यमन्त्रीले सम्मानजनक मत प्राप्त गरेका छन् । १सय ७ सदस्यीय प्रदेश सभामा बहुमतका लागि ५४ सदस्य चाहिन्छ । मुख्यमन्त्रीको पक्षमा ६१ मत पर्यो । विश्वासको मत लिने क्रममा मुख्यमन्त्रीलाई पूर्व समर्थकहरुबाट असहयोग भयो । कांग्रेस, जनमत र लोसपा मुख्यमन्त्री यादव नेतृत्वको सरकारमा रहिसकेका छन् । जनमत पार्टी त मुख्यमन्त्री नियुक्त भएकै दिनदेखि सरकारमा गएको थियो । लोसपाले मतदान हुनु भन्दा केही घण्टा अगाडि मात्र सरकार छाडे । लोसपाबाट मन्त्री रहेका रमेश प्रसाद कुर्मीले मन्त्रीबाट राजिनामा दिएर सरकारको विपक्षमा नाराबाजीमा उत्रेका थिए । राजनीतिमा कोही पनि स्थायी हितैषी र स्थायी विरोधी हुँदैनन् । मुख्यमन्त्री यादवलाई तेस्रो पटक विश्वासको मतमा असफल बनाउन सकृय रहेको नेकपा एमाले अहिले ढाल बनेको छ । माओवादी पनि सरकारको विरोधमा सल्बलाउन पाएन् । लोकतान्त्रिक पद्धतीलाई अंगिकार गरेका दलका नेताहरुले प्रदेश सभाको बैठकमा पनि त्यो मान्यता भन्दा बाहिर जान हुँदैन् । लोकतान्त्रिक मूल्य र मान्यता अनुकुल आचरण नभए संघीय व्यवस्था कमजोर हुनेछ । संघीय व्यवस्थालाई कमजोर बनाएर प्रदेशको अस्तित्वलाई नै समाप्त गर्न सकृय रहेकाहरुलाई कमजोर ठान्नु हुँदैन् । लोकतान्त्रिक पद्धतीमा संसद विपक्षको हुन्छ । संसदमा विपक्षलाई पूर्ण सम्मान सरकारले गर्नुपर्छ । विपक्षीहरुको मागलाई सरकारले बहुमतबाट अस्वीकार गर्नुपर्छ । तर विपक्षको जायज मागलाई सरकारलाई सम्बोधन गर्नुपर्छ । नेपाली कांग्रेस देशमा सबै भन्दा जेठो लोकतान्त्रिक मूल्य र मान्यता बोकेको पार्टी हो । उसले लोकतान्त्रिक आचरण विपरीतको कृयाकलाप गर्न सुहाउँदैन् । लोकतन्त्रकै लागि लड्न कांग्रेस पार्टीको स्थापना गरिएको नेताहरुले बुझ्नै पर्छ । मधेश प्रदेश सभामा मुख्यमन्त्री यादवले विश्वासको मत लिन खोजेपछि भएको तोडफोड संसदीय मर्यादा विपरीतको कार्य हो । अल्पमतमा पर्ने बितिकै सरकार छाड्न समेत नहिच्कने कांग्रेसले तोडफोड लगायतका कृयाकलापलाई प्रश्रय दिनु हुँदैन् । संसदीय मर्यादाको सम्मानगर्दै कांग्रेसले बिरोध गर्न पाउछन् । रोष्टम घेर्ने, नाराबाजी गर्ने प्रमुख प्रतिपक्षको पूर्ण अधिकार हो । तर तोडफोड गर्ने, संसदलाई अबरुद्ध गर्ने कृयाकलाप कांग्रेसका लागि सुहाउँदैन् । सरकारले मागलाई सम्बोधन नगरे सम्म दलवमूलक कार्यहरु गर्न पाउँछन् । सरकारले पनि प्रमुख प्रतिपक्षलाई विश्वासमा लिएर अगाडि बढनु पर्छ । बहुमतको अहंकार देखाउनु हुँदैन् । प्रमुख प्रतिपक्षलाई विश्वासमा लिएर अगाडि बढे सरकार र सदन दुबै सहज ढंगले अगाडि बढने छ ।

# प्रतिशोध होइन, न्यायको आशमा छन् द्वन्द्वपीडित

**प्रकाश सिलवाल**

“मलाई यो कुरा पटक-पटक नसम्झाइदिए हुन्थ्यो ।” सशस्त्र द्वन्द्वकालीन समयका पीडितहरु ती घटना सम्झँदा अहिले पनि भावुक हुन्छन् । विसं २०५८ मा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को आन्दोलनमा जोडिन पुगेका गोरखाका कुमार ढकाल नेपाली सेनाको हिरासतमा परेपछि अहिलेसम्म बेपत्ताको सूचीमा छन् ।

बीस वर्षसम्म छोराको अत्तोपत्तो नभएपछि ८५ वर्षीय पिताले आश मारेर आफ्नो जीवन छँदै कुमारको अन्त्येष्टिसहितका संस्कारका कार्य होस् भन्ने चाहना राखेपछि उनका दाइ रामबाबुले पिताको इच्छा पूरा गरिदिए । कानुनीरुपमा कुमारको स्थितिबारे कुनै पुष्टि नभए पनि परिवारले अन्त्येष्टि गरेपछि वार्षिक श्राद्ध गर्न तथा सम्पत्ति हस्तान्तरण आदि गर्न भने बाटो खुलेको छ ।

यस्तै, नुवाकोटकी विमला रिमालले सशस्त्र युद्धकालमा आफ्ना पति नवराज रिजाल प्रहरीमा कार्यरत रहँदा बेपत्ता भई हालसम्म पत्तो नभएको स्थितिमा विभिन्न निकाय र सरोकार भएका संस्थामा पुगेर न्यायका लागि आग्रह गर्दै आउनुभएको छ । तत्कालीन विद्रोही पक्षबाट पति बेपत्ता बनाइएपछि आफू एकल भएर काठमाडौँमा चालक सहयोगी भएर साना दुई सन्तानलाई हुर्काउँदा राज्य र समाजबाट कुनै सहयोग नपाइएको उहाँको दुःखेसो छ ।

यी त केही प्रतिनिधि पात्र मात्र हुन् । द्वन्द्वपीडित महिला सञ्जालका अध्यक्ष सिर्जना श्रेष्ठ द्वन्द्वकालका पीडित परिवारका यस्ता कथाव्यथा अनगिन्ती रहेको जनाउँदै यस्ता घटनामा प्रतिशोध साँध्ने मनसायमा आफूहरु नरहेको बरु सत्य, तथ्य पत्ता लागोस् र कानुनबमोजिम न्याय निरुपणका साथै आगामी दिनमा यस्ता घटना नदोहोरियोस् भन्ने चाहेको बताउनुहुन्छ । द्वन्द्वपीडित विभिन्न सञ्जालले शान्तिपूर्ण धर्ना, विभिन्न दबाब र वकालतका माध्यमबाट आफूहरुलाई न्याय दिन माग गर्दै आएका छन् ।

नेपालको संविधानले सुनिश्चित गरेका मौलिक हकहरूले द्वन्द्व र त्यसपछिको संक्रमणकालीन अवस्थामा महिला र बालिकाको अधिकारको सुरक्षाका साथै महिला हिंसा रोकथाम गर्ने विषयलाई प्राथमिकताका साथ सम्बोधन गरेको छ । संविधानले लैङ्गिक भेदभाव बिना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी हक, धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषणविरूद्धको हक, समानता, सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक, पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक र सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतिको समान हकको व्यवस्था गरेको छ ।

नेपाल सरकारबाट द्वन्द्वकालीन समयका घटनाहरूको उजुरी, अनुसन्धान, मेलमिलाप र अभियोजनका विविध पक्षमा सरकारसमक्ष सिफारिस गर्न ‘बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१’ बमोजिम सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन भएका थिए । द्वन्द्वको समयमा मानव अधिकारको गम्भीर उल्लङ्घन गरेका तथा मानवताविरूद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा छानबिन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, घटनाबाट पीडित व्यक्तिलाई न्याय प्रदान गर्न र समाजमा मेलमिलापको वातावरण तयार गर्ने उद्देश्यका लागि ती आयोग गठित भएका थिए । कानुन संशोधनको अभावमा अहिलेसम्म आयोग गठनका ती उद्देश्यपूर्ति हुन सकेको छैनन् । ऐनमा तेस्रो पटक संशोधनका लागि प्रतिनिधिसभामा २०७९ फागुन २५ गते विधेयक दर्ता भएको थियो । विधेयकमा सशस्त्र द्वन्द्वकालमा ‘गम्भीर मानवअधिकारको उलङ्घन’ भन्नाले कस्तो अवस्थालाई मान्ने तथा पीडित वा पीडकले मेलमिलापका लागि निवेदन दिएमा मेलमिलाप गराउने वा मुद्धा चलाउने भन्नेबारेमा दलहरुबीच विवाद कायमै देखिएको छ ।

सो विधेयक प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समितिमा विचाराधीन रहेको छ । समितिको उपसमितिले विधेयकमाथि गत असोज २० गते प्रतिवेन बुझाइसकेको छ । विधेयकमा मिल्न बाँकी मुख्य विषयमा अन्तर्राष्ट्रिय अभ्यास, सर्वोच्च अदालतको आदेश र पीडितकेन्द्रित भएर सम्बोधन निकाल्न संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनियो गुटेरसको नेपाल भ्रमणका समयमा पनि उच्च राजनीतिक तहमा छलफल भएको थियो तर दलहरु सहमतिमा पुगेका छैनन् । सहमति हुन नसके मतदानबाट भए पनि विधेयकलाई पारित गर्नुपर्ने अधिकारकर्मीको भनाइ रहेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले तिनै आधारमा विधेयकमा सहमति जुटाउन प्रमुख दलका नेताहरुसँग विभिन्न चरणमा छलफल गर्दै आउनुभएको छ ।



सरकार र तत्कालीन विद्रोही माओवादीबीच २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौता भए पनि हालसम्म सङ्क्रमणकालीन न्यायले पूर्णता नपाउँदा ढकाल, रिजाल परिवारजस्ता द्वन्द्वपीडित परिवार सङ्गठित हुँदै राष्ट्रिय र अन्तर र्राष्ट्रियस्तरमा आफ्ना आवाज प्रस्तुत गर्न विवश भएका छन् । उही पीडाका कुरा पटक पटक उठाउँदा उनीहरु थकित हुन थालका छन् । अर्कातिर यस क्षेत्रमा काम गर्ने सरकारी र गैह्रसरकारी क्षेत्रका प्रतिनिधि तथा सञ्चारकर्मीले विभिन्न प्रश्नावली अगाडि तेर्साउँदा उनीहरुलाई पीडामाथि पीडाको अनुभूति हुने गरेको छ ।

कानुन संशोधनको अभावमा बेपत्ता व्यक्तिहरुको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग पदाधिकारीबिहीन छन् । भर्खरै सरकारले यी दुई आयोगमा पदाधिकारी नियुक्तिका लागि प्रक्रिया अघि बढाएको छ । ती आयोगलाई पर्याप्त अख्तियारी, जनशक्ति र कारबाहीको स्पष्ट प्रक्रियाको अभाव रहेको छ ।

सत्य निरुपण तथा मेलमिलाप आयोगमा ६३ हजार सात सय १८ र बेपत्ता व्यक्तिहरुको छानबिन आयोगमा दुई हजाार पाँच सय उजुरी दर्ता भएका छन् ।

‘नेपालको सङ्क्रमणकालीन अवरोध र आगामी बाटो’ विषयक ‘साथी’ संस्थाले हालै गरेको एक अध्ययनले द्वन्द्व प्रभावितहरुका विविध समस्या र समाधानको उपाय सिफारिस गरेको छ । ‘ग्लोबल नेटवर्क अफ वुमन पिसबिल्डर्स’ (जिएनडब्लुपी) सँगको सहकार्यमा अध्ययनले शान्ति सम्झौता भएको १८ वर्षसम्म सङ्क्रमणकालीन न्यायले टुङ्गो पाउन नसक्दा पीडितहरुमा थकान अनुभूति भइसकेको, राजनीतिप्रतिको विश्वास कमजोर भएको र पीडितमाथि पीडा दिने कार्य भएको उल्लेख गरिएको छ ।

अध्ययनले संक्रमणकालीन न्याय संयन्त्र र महिला, शान्ति र सुरक्षासम्बन्धी राष्ट्रिय कार्ययोजनाहरूबीचका सम्बन्धको विश्लेषण गरी नेपालको समग्र संक्रमणकालीन न्याय प्रक्रियाप्रति द्वन्द्वपीडितको धारणा, वास्तविकता र अपेक्षाहरूको मूल्याङ्कन गरेको छ । अनुसन्धानले वास्तविक द्वन्द्वपीडितको उचित पहिचान सुनिश्चित गर्ने र सरकारले मान्यता प्राप्त परिचयपत्र वितरण गर्ने महत्वलाई जोड दिएको छ ।

साथै द्वन्द्वबाट प्रभावित महिला तथा बालिकाका लागि अन्तरिम राहत र प्रभावकारी उपचारको सुनिश्चतता गर्न सुझाएको छ । खासगरी द्वन्द्व सम्बन्धित यौन हिंसासम्बन्धी मुद्दा दायर गर्न तीन महिनाको वैधानिक सीमा बढाउन सिफारिस गरेको छ ।

अनुसन्धानका टोली प्रमुख एवं राष्ट्रसङ्घीय सिड कमिटीका सदस्य वन्दना राणा अध्ययनका निचोडलाई गम्भीरतापूर्वक मनन गरी राजनीतिक दलका नेता र सांसदले सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनलाई छिटो टुङ्गो लगाउने विश्वास व्यक्त गर्नुभयो । उहाँले अध्ययनको नतिजाले सरोकारवालालाई यसका बाधाहरूबारे चिन्तन गर्न र सिफारिसमा विचार गर्न प्रेरित गर्नाका साथै सङ्क्रमणकालीन न्याय प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन, पीडित र राज्यका संयन्त्रका लागि विजयी अवस्था सिर्जना गर्न र अन्ततः देशमा दिगो शान्ति कायम गर्न मद्दत गर्ने बताउनुभयो ।

सङ्क्रमणकालीन न्यायका अध्येता चिरञ्जीवी भण्डारीले राजनीतिक इच्छाशक्ति, आपसी विश्वास, सुरक्षा, स्रोतसाधन, पारदर्शी सोच, पीडितकेन्द्रित भावना, विज्ञता अभाव आदि कारणले यो विषय लामो समयसम्म टुङ्गो लाग्न नसकेको बताउनुभयो । “न्यायलाई टुङ्गोमा लान पीडितहरु क्षमादान गर्न पनि तयार हुन सक्छन् ।” भण्डारीले भन्नुभयो, “तर उनीहरु घटनालाई पूरै बिर्सना या यत्तिकै छाड्न तयार छैनन् ।” यस्तै अनुसन्धानकर्ता तृष्णा थापा पीडितहरुमा निराशाको तह धेरै भए पनि उनीहरुमा न्यायको आशा मरिनसकेकाले राजनीतिक नेतृत्वबाट यस पक्षको सम्बोधन हुनुपर्ने बताउनुहुन्छ ।

संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्ले पारित गरेका प्रस्तावहरु १३२५ र १८२० ले उल्लेख गरेका महिला, शान्ति तथा सुरक्षासम्बन्धी सवाल सम्बोधन गर्न नेपाल सरकार गृह मन्त्रालयले दोस्रो राष्ट्रिय कार्ययोजना तर्जुमा गरेको छ । विशेषगरी महिलाले द्वन्द्वको मारमा महिला र बालबालिका बढी पर्ने भएकाले हिंसामा परेका, परिवार गुमाएका, जनजीवन र व्यक्तिगत स्वतन्त्रताबाट वञ्चित भएकाहरुलाई यो कार्ययोजनाले समेटेको छ । यी प्रस्तावले निवारण, सहभागिता, संरक्षण, राहत तथा पुनर्लाभका क्षेत्रहरु अँगालेको छ । नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कार्यक्रम तथा संरचना समेतमा यी प्रस्तावका विषयवस्तुलाई आन्तरिकीकरण तथा मूलप्रवाहीकरण गर्न दोस्रो राष्ट्रिय कार्ययोजना (२०७९/८०-२०८१/८२) को ल्याइएको गृह मन्त्रालयले जनाएको छ ।

राष्ट्रसङ्घको सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ ले विश्वभरि महिला तथा किशोरीमाथि द्वन्द्वले पारेका असर सम्बोधन गर्न र शान्तिवार्ता, शान्ति स्थापना र द्वन्द्वोत्तर पुनर्निर्माण प्रयाससहित शान्ति निर्माणका प्रयासमा महिलालाई योजनाबद्ध ढंगले समावेश गर्न सबै राष्ट्रलाई आह्वान गरेको छ । यस्तै प्रस्ताव नं. १८२० ले द्वन्द्वसँग सम्बन्धित यौन हिंसालाई द्वन्द्वरत पक्षहरूले सैन्य वा राजनीतिक उद्देश्य पूरा गर्न युद्ध-नीतिका रुपमा प्रयोग गर्ने र त्यसले दण्डहीनता निम्त्याउने सवाललाई सम्बोधन गर्न निर्देश गरेको छ ।

ती प्रस्तावको कार्यान्वयनका क्रममा द्वन्द्वका साथै द्वन्द्व र द्वन्द्वोत्तर अवस्थामा महिला र किशोरीविरुद्ध हुने सबै प्रकारका हिंसाको निवारण, शान्ति र सुरक्षासम्बन्धी निर्णय प्रक्रियाका सबै तहमा महिलाको समान सहभागिता र लैङ्गिक समानता अहिलेको चासो हो । द्वन्द्वको अवस्थामा महिला तथा किशोरी सबै प्रकारका यौन र लैङ्गिकतामा आधारित हिंसाबाट सुरक्षित गरी द्वन्द्वपछि राहतसम्बन्धी महिलाका खास आवश्यकता पूरा गर्न नेपाल सरकार, गृह मन्त्रालयले बनाएको कार्ययोजनामा रहेका कार्यनीतिको स्थानीय तहबाट प्रभावकारी कार्यान्वयन हुने हो भने सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउन पनि टेवा पुग्नेछ ।

# लाखौं भुइँमान्छे जोगाउने कि रवि लामिछाने ?

**महेश्वर दाहाल**

नेपाली कांग्रेसले सहकारी अनियमितता प्रकरणमा मुछिएका उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेबारे संसदीय समिति बनाएर छानबिन गर्नुपर्ने अडान राख्दै संसदीय गतिविधि निरन्तर अवरुद्ध गरेपछि सरकारले संसद्को चालु अधिवेशन नै अन्त्य गर्ने निर्णय गरेको छ । संसद्मा विपक्षीले उठाएका एजेन्डाबारे गम्भीर बहस गरेर त्यसलाई तार्किक निष्कर्षमा पुऱ्याउनुपर्नेमा संसद् नै स्थगित गरेर सरकार स्वयंले समकालीन राजनीतिक समस्यालाई गहिऱ्याएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी, नेकपा एमाले र नेकपा माओवादी केन्द्र लगायतका सत्तारुढ दलहरू गृहमन्त्री लामिछानेले संसद्को रोष्ट्रममा उभिएर स्पष्टीकरण दिने तर छानबिन समिति बन्न नसक्ने अडानमा थिए भने कांग्रेसले समिति नबनेसम्म संसद् चल्न नसक्ने अडान राखेको थियो । तर, सहकारी अनियमितताका बारेमा तथ्य सहित प्रश्न उब्जिएपछि गृहमन्त्रीका बारेमा छानबिन समिति बन्नै नहुने तर्क आफैंमा युक्तिसंगत थिएन ।

यसअघिका सरकारका कैयौं मन्त्रीबारे वा तिनका निर्णयबारे संसदीय छानबिन समिति बनेकै थिए । छानबिन समिति बनेको चरण अर्थमन्त्रीबाट राजीनामा दिएर छानबिनमा पुष्टि नभएपछि पुनः सोही जिम्मेवारी सम्हालेका माओवादी केन्द्रका नेता जनार्दन शर्मा आफैंमा उदाहरण हुन् ।

नारायणकाजी श्रेष्ठ उपप्रधानमन्त्री एवम् गृहमन्त्री हुँदा नै सहकारी अनियमितताबारे छानबिन सुरु गर्ने क्रममा लामिछानेका साझेदार जीबी राईले दर्जनौं सहकारीको रकम अपचलन गरेको देखिएको र स्वयं लामिछानेले समेत विना धितो २ करोडो ऋण लिएको प्रमाण प्रहरीले जुटाएको थियो । अरू समस्याग्रस्त सहकारीको छानबिन गर्ने क्रममा पीडितको उजुरीका आधारमा जीबी-रवि मिलेमतोको सहकारी अनियमितता प्रकरण समेत सतहमा आएको थियो ।

सहकारी भन्नु एक सामूहिक र संस्थागत आर्थिक गतिविधि हो, जहाँ बचतकर्ताहरू संचालक वा ऋणी हुन्छन् तर व्यवस्थापकहरू तिनका सेवक !

कांग्रेसले गृहमन्त्री लामिछानेलाई राजनीतिक उद्देश्यले ‘टार्गेट’ गरेको होस् तर संसद्मा त सत्तापक्ष नै बहुमतमा हुन्छ । गहिरिएर बुझ्दा संसदीय छानबिन भन्नु सत्तापक्षकै मजबुती हो, त्यस पक्षका मानिसले गल्ती नगरेको हकमा । तर, यहाँ जीबी राई वा रवि लामिछानेले सहकारीको रकम अपचलन वा अनियमितता गरेको सन्दर्भ मात्रै छैन, भुइँमान्छेले खाई नखाई जम्मा गरेको रकम सुरक्षाको आवश्यकता समेत छ ।

के आजको प्रचण्ड-ओली सरकार एक रवि लामिछानेको बचाउमा लाखौं भुइँमान्छेको रकम जीबी राईले निर्माण गरेका टाइपका सहकारीहरूले निलोस् भन्ने चाहन्छ ?

दर्जनौं सहकारी अनियमितताका एक मुख्य अभियोगी जीबी राई हाल फरार छन् भने उनीसँगै प्रमाण सहित नाम जोडिएका लामिछाने उपप्रधानमन्त्री एवम् गृहमन्त्री बनाइएका छन् । ‘ग्यालेक्सी फोर के’ नामक टिभीमा ‘शेयर होल्डर’ हुने क्रममा आफूले कागजी रूपमा मात्र प्रक्रिया पूरा गरेको तर कुनै अनियमितता नगरेको गृहमन्त्री लामिछानेको तर्क छ ।

तर, कांग्रेसले सहकारी पीडितहरूले र यसमा चासो वा सरोकार राख्ने सम्पूर्ण नागरिक, सामाजिक तथा राजनीतिक पक्षले लामिछानेलाई पुष्टि हुन चुनौती दिएका छन् । आजका गृहमन्त्री लामिछाने पुष्टि हुनु सबै सहकारी पीडितले न्याय पाउनु समेत हो । राज्यको एक प्राथमिक सरोकार हो यो ।

तर, गृह जस्तो प्रहरीको तालुक मन्त्रालयको नेतृत्व सहकारी अनियमिततामा नाम जोडिएका र अनुसन्धानको दायरामा रहेका व्यक्तिले नै लिएपछि स्वार्थ लाभको उद्देश्य टकराएको कांग्रेसको र सबै सरोकारवालाको सन्देह तथा बुझाइ छ । के प्रहरीले आफ्ना ‘हेड’ (गृहमन्त्री) विरुद्ध निष्पक्ष छानबिन गर्न सक्छ ? कांग्रेस र सबै सरोकारवालाको यो प्रश्न स्वाभाविक मात्रै होइन कि अनिवार्य नै हो ।केही दिन अगाडिको संसदीय समितिको बैठकमा प्रहरी प्रमुख वसन्तबहादुर कुँवरले बोलेको सन्दर्भले मात्र होइन सहकारी अपचलनबारे प्रहरी निकायका पछिल्ला रवैयाले गृहमन्त्री लामिछाने छानबिनको दायरामा नै छैनन् । यसले कांग्रेसलाई मात्र होइन, सबैलाई झस्काइदिएको छ ।

प्रहरीले आफ्नो नेतृत्वको औपचारिक बचाउ गर्नु एउटा कुरा, स्वयं लामिछानेमाथि भने सहकारी अनियमितता सन्दर्भ गम्भीर नैतिक दायित्वको प्रश्न हो ।

लामिछानेलाई गृहमन्त्री नै हुनुछ र उनी गृहमन्त्री नभए सरकार कमजोर पर्ने एमाले, माओवादी केन्द्र लगायतलाई लागेको हो भने छानबिनको निश्चित अवधिका लागि पद त्याग गरेर उनी पुनः गृहमन्त्रीमा दोहोरिन नसक्ने होइनन्, जनार्दनले जस्तै ।

आफूले अनवरत गृह नपाए पार्टीले नै सरकार छाड्ने हिजोको जस्तै तर्क लामिछानेको हो भने त्यसलाई उनको बालहठ नेतृत्वमा कुनै सुधार नआएको/आउनै नसक्ने अर्थमा लिन सकिन्छ । त्यसले सिद्ध गर्ने कुरा के हो भने रास्वपा भन्नु लामिछाने मात्रै हुन् ।




यसै पनि लोकतन्त्रमा संसद् प्रतिपक्षको हो । नारायणकाजी श्रेष्ठले हिजो गृहमन्त्रीका रूपमा सुन तस्करीको जरामै पुग्न आँट गरेको र प्रहरीको अनुसन्धान निकायले विना दबाब दुनियाँले छर्लङ्ग देख्ने गरी काम गरेको सावित हुँदा त छानबिन समिति बनाउनैपर्ने प्रतिपक्षी एमालेको माग पूरा भएको थियो भने आज त लामिछानेको नाम सहकारी अनियमितता प्रकरणमा प्रामाणिक रूपमा नै जोडिएको छ । हिजो सुन प्रकरणमा प्रहरीले गहिरो अनुसन्धान गर्दा पनि त्यसबारेको छानबिन समितिले प्रहरीलाई थप निर्देशित हुने गरी धेरै तथ्यहरू औंल्याइदियो । त्यसैले सुन छानबिन समिति बनाउनुपर्ने एमाले मागको औचित्य सावित भयो ।

आज त झन् गृहमन्त्री लामिछाने सहकारी अनियमिततामा जोडिएको सन्दर्भ खुलमखुल्ला आएको छ । सय जना मान्छेले नक्कली खाता खोलेर एक अर्ब रुपैयाँ दामासाहीले लगेका छन्, त्यसमध्ये लामिछाने पनि एक छन् । धितो नराखी, सदस्य नबनी पैसा लगेका छन् । सहकारीको रकम अन्यत्र नाफा कमाउने गरी लगेका छन् ।

टिभीमा वा अन्यत्र ! उनै मानिस आजको दिनमा स्वयं गृहमन्त्री भएकाले उनीबारे गहिरो तथा प्रामाणिक अनुसन्धान नै हुन नसक्ने राजनीतिक एवम् सामाजिक तर्कको आधार के हो भने बहालवाला गृहमन्त्री आफैं मुछिएको मुद्दा प्रहरीबाट निरुपण हुनै सक्दैन ।‘गृहमन्त्री लामिछानेले सहकारीको रकम अनियमितता गरे’ भन्ने तथ्यलाई अप्रामाणिक सिद्ध गर्ने एउटै माध्यम निष्पक्ष संसदीय वा संवैधानिक छानबिन समिति नै हो । भनेको सत्य हो भने रास्वपा वा सत्ताधारी दल वा लामिछानेको दाबीलाई पुष्टि गर्ने पनि त्यसैले हो ।

नयाँ संकल्प सहित देश बनाउने उद्देश्य लिएर राजनीतिमा आएको हो भने रास्वपा र त्यसका अध्यक्ष एवम् उपप्रधानमन्त्री तथा गृहमन्त्री लामिछानेले सहकारी अनियमितता छानबिन समिति बनाउनुपर्ने कांग्रेसको मागको स्वागत गर्नुपर्छ । र, छानबिन अवधिभर रास्वपाले सरकार छाड्ने होइन कि लामिछाने एक्लैले पद त्याग गर्न सक्नुपर्छ ।तर, यसै कारण लामिछानेले सरकार छाड्छन्, उनको पार्टी पनि उनीसँगै सती जान्छ र यसकारण बहुमत गुम्छ भने यस्तो भ्रष्ट मत-आवरणको सरकारबाट प्रधानमन्त्री प्रचण्ड खुशी-खुशी बहिर्गमित हुन सक्नुपर्छ ।

उनले आफ्नो ऊर्जालाई पार्टी निर्माण र बाम एकतामा लगाउन सक्नुपर्छ ।

कांग्रेसमा धेरै भ्रष्ट छन् तर कांग्रेस आफैंलाई बिर्सिएर रवि लामिछानेमाथि प्रहार गरिरहेको छ भन्ने भाष्य समेत खडा गरिएको छ । भ्रष्टाचारी कांग्रेस, एमाले, माओवादी जतासुकै होउन्, त्यसको फरफारक हुनुपर्छ नै । तर, आजको सिधा सवाल गृहमन्त्री लामिछानेप्रति लक्षित छ ।

यहाँ कुन पार्टीले मुद्दा उठायो र कुन पार्टीलाई नाफा वा घाटा हुन्छ भन्ने कुरा मुख्य होइन । कतिपय विषय विवेकपूर्ण र आलोचनायोग्य दुवै हुन्छन् । यद्यपि भ्रष्टाचार, अनियमितता र अपारदर्शिता एउटा पार्टी तथा अमूक व्यक्तिसँग जोडिएको विषय मात्रै होइन, सबै समाज पक्षीयले सामना गर्नुपर्ने प्रधान शत्रु हो ।अनलाईन खवर

# राजेन्द्र महतोको 'अधुरा क्रान्ति' विमोचन

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय मुक्ति क्रान्ति अभियानका संयोजक राजेन्द्र महतोले लेखेको पुस्तक ' अधुरा क्रान्ति' विमोचन गरिएको छ । काठमाण्डुमा आयोजना गरिएको कार्यक्रममा राजेन्द्र महतो , विश्लेषक सिके लगायत विज्ञहरुले सामूहिकरुपमा विमोचन गरेका छन् ।



बुधबार विमोचन गरिएको पुस्तकमा नेता महतोले मधेश सङ्घर्ष र राजनीतिक जीवनमा भोगेका विभिन्न आयामलाई पुस्तकले उजागर गरेको छ । अधुरो क्रान्तिमा नेता महतोले आफ्नो राजनीतिक जीवन र मधेशमा उठेको विद्रोहको आवाजलाई बुझ्ने गरी उल्लेख गरेका छन् ।

पुस्तक विमोचन कार्यक्रममा नेता महतोले अधुरो क्रान्ति उत्पीडनमा परेका जनताको पीडाको पुलिन्दा रहेको बताए। सात वर्षको मेहनतमा तयार गरिएको पुस्तकले उत्पीडनमा परेका जनताको भोगाइ, देखाइ र बुझाइका विषयवस्तुलाई समेटिएको उनको भनाई थियो ।

मुलुकमा परिवर्तनका लागि हालसम्म भएका सबैखाले क्रान्ति र सङ्घर्षले उत्पीडनमा परेका जनतालाई न्याय दिन नसकेकाले दाबी गर्दै नेता महतोले ती अधुरा क्रान्तिलाई सम्बोधन गर्न पुस्तक उपयोगी हुने विश्वास व्यक्त गरेका थिए । उनले एकल सोच र चिन्तनबाट राज्यसञ्चालन गरिएको जिकिर गर्दै उनले सबै जातजाति, भाषाभाषी, वर्गत र समुदायको भावनालाई राज्य सञ्चालनको हिस्सेदारी हुनुपर्ने धारणा राखेका थिए ।

पुस्तकको टिप्पणी गर्दै विश्लेषक सिके लालले अधुरो क्रान्तिले करिब ६५ वर्षे नेपालको राजनीतिक घटनाक्रमलाई मधेशको आँखाबाट हेरिएको र मधेश आन्दोलनका आयामलाई क्रमबद्ध गरिएको उल्लेख गरेका थिए । उनले मधेशका मुद्दालाई अहिलेको अवस्थामा ल्याउन भूमिका खेल्ने अन्य मधेशी नेताहरुलाई पुस्तकमा नसमेटिएको टिप्पणी गरेका थिए ।

त्यसैगरि प्रा डा बालकृष्ण माबुहाङ्ले मधेशको राजनीतिक सङ्घर्ष र मधेसी जनताको पीडालाई उजागर गरिएको पुस्तक पठनीय र सङ्ग्रहणीय रहेको बताए । वरिष्ठ पत्रकार कनकमणि दीक्षितले मधेसी जनताको मुक्तिका लागि सङ्घर्ष गरेका नेता महतोको पुस्तक अधुरो क्रान्ति आधुनिक राजनीतिक इतिहासको साक्षीको रुपमा आएको उल्लेख गरे । मानवअधिकारकर्मी मोहना अन्सारीले नेपालमा वैचारिक, सामाजिक न्यायको क्रान्ति अधुरो छ भन्ने पुस्तकले प्रमाण पेस गरेको छ ।

पूर्वराजदूत महेश दाहालले मधेशको समग्र समस्या बुझ्न पुस्तक उपयोगी हुने बताए । अभियान्ताद्वय सुमन सायमी र बुद्धछिरिङ मोक्तानले मधेशका अधुरा क्रान्तिलाई पूरा गर्न पुस्तकले प्ररित गर्ने धारणा राखेका थिए ।

पुस्तकमा 'माटो र बाटोको पहिचान', 'भाषिक सङ्घर्ष', 'पहिचानको सङ्घर्ष', 'उदगम र उपेक्षा', 'सङ्गत', 'विभेदको अन्त्यहीन दुष्चक्रलगायत' लगायत शीर्षकमा लेख समावेश छन् ।

पाइन प्रकाशन प्रालिले प्रकाशनमा ल्याएको तीन सय ८१ पृष्ठको उक्त पुस्तकको मूल्य सात सय ७० रहेको छ ।

# निर्वाचन आचारसंहिता पालन नगरे कारबाही हुने




**टुडे समाचारदाता**

काठमाण्डु । निर्वाचन आयोगले यही वैशाख १५ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा उपनिर्वाचनप्रयोजनका लागि जारी आचारसंहिताविपरीत सामाजिक सञ्जाल वा सञ्चारमाध्यमको दुरुपयोग गरेमा तत्काल कारबाही प्रक्रिया अघि बढाउने भएको छ ।

प्रतिनिधिसभाको इलाम क्षेत्र नं २ र बझाङको प्रदेशसभा निर्वाचन क्षेत्र नं (१) मा हुने उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र सुरक्षित वातावरणमा सम्पन्न गर्न गत चैत २८ गतेदेखि निर्वाचन सम्पन्न नभएसम्म आचारसंहिता लागू छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जारी गरेको विज्ञप्तिमा आचारसंहितामा अन्य विषयका अतिरिक्त सामाजिक सञ्जालबाट गलत, भ्रामक र द्वेषपूर्ण सूचना प्रकाशन तथा प्रसारण गर्न गराउन नहुने, निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने उद्देश्यले कसैले पनि सामाजिक सञ्जालमा एकाउन्ट सञ्चलन गर्न वा झुटा साइट खोल्न वा सञ्चालन गर्न वा गराउन नहुने, निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले कसैलाई होच्च्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने तथा कसैको भ्रामक टीकाटिप्पणी गर्न, गराउने नहुने व्यवस्था रहेको स्मरण गराइएको छ ।

त्यसैगरी कुनै प्रयोजनका लागि प्रकाशन वा प्रसारण भएको सूचना वा सामग्रीलाई निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले तोडमोड गरी गराई सामाजिक सञ्जालमा शेयर, ट्याग, कमेण्ट वा प्रतिकमेण्ट गर्न गराउन नहुने तथा कसैको चरित्रहत्या गर्न, व्यक्तिगत लाञ्छना लगाउन, मानहानी गर्न वा यस्तै प्रकृतिका सामग्री कुनै स्वरुपमा उत्पादन गर्न तथा त्यस्ता सामग्री कुनै माध्यमबाट प्रकाशन वा प्रसारण गर्न गराउनपूर्ण रूपमा निषेध गरिएको छ । आचार संहिता उल्लङ्घनका घटनामा तत्काल आवश्यक कारबाही गर्न सम्बन्धित जिल्लाको मुख्य निर्वाचन अधिकृत संयोजक रहेको जिल्ला आचारसंहिता अनुगमन समितिलाई निर्देशन दिइएको छ ।

अवाञ्छित कार्य तत्कालै रोक्न आदेश दिने तथा आचारसंहिता उल्लङ्घनकर्तालाई आवश्यक कारबाहीको सिफारिस गर्न निर्वाचन आयोगमा एक सामाजिक सञ्जाल अनुगमन एकाइ गठन गरी कार्य हुने भएको छ । आमसञ्चारमाध्यमबाट हुने गलत, भ्रामक, झुटा सूचना, द्वेषपूर्ण अभिव्यक्ति तथा निर्वाचनलाई नकारात्मक प्रभाव पार्ने समाचारलाई निरुत्साहित गरी स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गर्न सम्बन्धित सञ्चारमाध्यमको अनुगमन तथा कानुनबमोजिम आवश्यक कारबाहीका लागि प्रेस काउन्सिल नेपालसमक्ष पत्राचार गर्ने निर्णय आयोगले गरेको छ ।

# एसका जिल्ला कमिटिले कार्य प्रगतिको विवरण केन्द्रमा पठाए

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सबै जिल्ला कमिटीले साङ्गठनिक गतिविधिको कार्य प्रगतिको विवरण केन्द्रमा पठाएको छ । पार्टीको आगामी राष्ट्रिय महाधिवेशनको तयारी पूरा गर्न मातहतका जिल्ला कमिटीले वडादेखि सम्बन्धित कमिटीको अधिवेशन, सञ्चालन गरेका सङ्गठन सुदृढीकरण तथा सदस्य बिस्तार, प्रशिक्षणलगायतका प्रगतिको विवरणको प्रतिवेदन केन्द्रमा पठाएको सचिव जीवनराम श्रेष्ठले जानकारी दिएका छन् ।




महाधिवेशन प्रतिनिधि छनौटका लागि नयाँ सदस्यता थपेको विवरण अद्यावधिक गरी प्रतिवेदनका साथै महाधिवेशन केन्द्रित अभियानमा सञ्चालित राजनीतिक कार्यक्रम केन्द्रमा बुझाएको हो। त्यसको विस्तृत अध्ययन गरिएपछि यही वैशाख अन्तिम साताभित्र प्रतिनिधि चयन गरिने छ।

पार्टीले आगामी जेठ ३ गतेदेखि ७ गतेसम्म काठमाडौंमा गर्न लागेको राष्ट्रिय महाधिवेशनका लागि तयार गरिएको राजनीतिक प्रतिवेदन, समाजवादी कार्यक्रम, साङ्गठनिक र विधान प्रतिवदेन महाधिवेशन दस्तावेज लेखन समितिलाई बुझाइएको छ । उक्त समितिले ती प्रतिवेदनमा थप छलफल गरेपछि एउटै दस्तावेज बनाएर महाधिवेशनमा लैजाने तयारी गरिएको उहाँले जानकारी दिए ।

राजनीतिक प्रतिवेदनमा पछिल्लो विकसित राजनीतिक अवस्था, समसामयिक विषयवस्तु, अन्तर्राष्ट्रिय घटनाक्रमको समेत समीक्षा गरिएको छ । समाजवादी कार्यक्रमसम्बन्धी प्रतिवेदनमा वैज्ञानिक समाजवादी अर्थव्यवस्थाको अवधारणा, स्वरुप र संरचना, अन्तर्राष्ट्रिय अभ्यासलाई समेटिएको छ । देशभर पार्टीको साङ्गठनिक अवस्था उल्लेख गरिएको साङ्गठनिक प्रतिवेदनमा पार्टीको वैचारिक दृष्टिकोणलाई आगामी दिनमा जनताका बीच लैजान सुझाइएको छ । विधान प्रतिवदेनमा वडादेखि केन्द्रसम्म निर्वाचित हुनुपर्ने, पार्टीको केन्द्रीय तहमा ४० वर्षमुनिका २० प्रतिशत युवा सहभागिता गराउने विषयलाई महत्व दिइएको छ ।

महाधिवेशन सफल बनाउन पार्टीले अध्यक्ष माधवकुमार नेपालको नेतृत्वमा १०औं महाधिवेशन मूल व्यवस्थापन कमिटी गरेको छ । उक्त कमिटीअन्तर्गत अन्य १३ कमिटीले सम्बन्धित कार्यक्षेत्रका तयारी तीव्र रुपमा सञ्चालन गरेको जनाइएको छ ।

# कानुनमा सामयिक परिवर्तन आवश्यक रहेको नेता ज्वालाको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का उपमहासचिव प्रकाश ज्वालाले विकास निर्माणसँग जोडिएका कानुन सामयिक परिवर्तन आवश्यक भएको बताएका छन् ।



नेता ज्वालाले विगतमा सूचना प्रविधिको उच्चतम प्रयोग नभएको अवस्थालाई ख्याल गरेर बनाइएका सार्वजनिक खरिद ऐनजस्ता कानुन अहिलेका सन्दर्भमा पुरानो भइसकेकाले त्यस्ता कानुनका आधारमा सहज रूपमा काम गर्न नसकिने बताए ।

लागतभन्दा आधा दरमा बोलपत्र दिँदा पनि कम मूल्यका आधारमा स्वीकृत हुने स्थिति, विभिन्न अन्तरमन्त्रालय समन्वय, रुख कटान, जग्गा प्राप्ति, घरटहरा हटाउने झमेलाले समय बढी व्यतित हुने गरेकाले समन्वय र सहयोग बढाउनुपर्नेमा उनले जोड दिदै समग्रमा आयोजनाका लागि पर्याप्त बजेट नहुने, अनियमितता हुने, कार्यक्रमको निरन्तरता र प्राथमिकतामा हेरफेर हुने समस्या देखिएको बताए ।

पूर्वमन्त्री ज्वालाले व्यक्तिगत स्वार्थमा नेताहरू केन्द्रित हुने प्रवृत्तिले मुलुकमा विकास, समृद्धि र सुशासनका अपेक्षा पूरा हुन नसक्ने भन्दै वामपन्थी, राष्ट्रवादी र प्रगतिशील शक्ति मिलेर काम गरेमा समाजवादको लक्ष्य पूरा गर्ने क्रममा विकास र समृद्धिको बाटोमा अग्रसर हुन सकिन्छ भन्ने आशा पुनः पलाएको स्थितिमा राजनीतिक स्थिरतामा जोड दिनुपर्ने बताए । विकासका माध्यमबाट समाजवादको बाटोमा अग्रसर हुन वामपन्थी, प्रगतिशील शक्तिहरूको पुनः सहकार्य हुनुलाई सकारात्मक मान्दै उहाँले संविधानमा उल्लेखित समाजवादोन्मुख अर्थतन्त्रको परिकल्पनाबमोजिम आर्थिक, सामाजिक परिवर्तनको अभियानमा केन्द्रित हुनुपर्नेमा जोड दिएका हुन् ।

नेता ज्वालाले राजनीतिक स्थायित्व र विकासका लागि विद्यमान सङ्घीय प्रणाली र निर्वाचन प्रणालीमा पनि पुनरावलोकन गर्नुपर्छ भन्दै सरकार वा मन्त्री परिवर्तनपिच्छे सचिवहरू परिवर्तन गर्ने, आयोजनाको प्राथमिकीकरण हेरफेर गर्नेजस्ता कार्यले जनअपेक्षाअनुसार परिणाम दिन नसकिने बताए। एकै व्यक्ति कतिपटक मन्त्री, सांसद वा जनप्रतिनिधि बन्ने भन्ने सवालमा पनि स्पष्ट भएर संविधान संशोधन गर्नुपर्ने खाँचो रहेको बताए ।

प्रतिनिधिसभा, अर्थ समितिका पूर्वसभापति ज्वालाले बजेट निर्माण गर्दा कसरी उत्पादन क्षेत्रमा लगानी बढाउन सकिन्छ, बढीभन्दा बढी रोजगारीका अवसर कसरी सिर्जना गर्न विधि निर्माणलाई प्राथमिकतामा राखेर मुलुकलाई आर्थिक समृद्धिको दिशामा अगाडि बढाउनेगरी बजेट केन्द्रित हुनुपर्ने विचार व्यक्त गरेका थिए ।

"राजस्व सङ्कलन बढाउने, स्रोतसाधन बढाउने तथा योजना आवश्यकता र प्राथमिकताका आधारमा वर्गीकरण गरि नुपर्ने आवश्यकता छ । विगतमा अगाडि बढाइएका अधुरा योजनालाई सम्पन्न गराउने, मुलुकको अर्थतन्त्रलाई थप चलायमान बनाउने, उत्पादन वृद्धि गरी रोजगारी सिर्जना गर्ने र जनतालाई सेवासुविधा दिने नयाँ योजना छनोट गरी बजेटको सुनिश्चितता गरिनुपर्छ", उनले भने । सबै कामको आधार कानुन भएकाले सङ्घीयता कार्यन्वयनसँग सम्बन्धित सङ्घीय निजामती सेवा ऐन, सङ्घीय शिक्षा ऐनलगायत कानुनलाई संसद्बाट जतिसक्दो चाँडो पारित गर्नुपर्ने बताए ।

# सुदुरपश्चिमकालागि नेकपा एसले सोडारीलाई उम्मेदवार बनाउने

**टुडे समाचारदाता**

काठमाण्डु । सुदुरपश्चिम प्रदेशले सरकार निमार्णकालागि आह्वान गरे बमोजिम नेकपा एसले मुख्यमन्त्री पदकालागि दीर्घ सोडारीलाई उम्मेदवार बनाउने निर्णय गरेको छ ।

नेकपा एसको केन्द्रीय कार्यालय आलोकनगरमा बुधबार बसेको सचिवालय बैठकले पार्टीको सुदूरपश्चिम संसदीय दलका नेता सोडारीलाई मुख्यमन्त्रीका लागि उम्मेदवारका रुपमा अगाडि सार्ने निर्णय गरेको हो ।

मुख्यमन्त्रीबाट उक्त प्रदेशमा सरकार निर्माणका लागि आह्वान गरिएको छ ।

नयाँ गठबन्धन निर्माणका क्रममा कुनै एक प्रदेशको मुख्यमन्त्री पद एकीकृत समाजवादीलाई दिने सहमति भएको थियो । पार्टी अध्यक्ष माधवकुमार नेपालको अध्यक्षतामा बसेको बैठकमा आसन्न १० औं राष्ट्रिय महाधिवेशनको तयारीलगायतको विषयमा छलफल गरिएको पार्टीका उपमहासचिव एवं केन्द्रीय प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिएका छन् ।

# अर्थमन्त्री पुन भेटघाटमा व्यस्त

**टुडे समाचारदाता**

वासिङ्गटन डिसी । अर्थमन्त्री वर्षमान पुनले अमेरिकामा विभिन्न कार्यक्रममा सहभागी तथा भेटघाटमा व्यस्त रहेका छन् । भेटघाटको क्रममा अमेरिकी लगानीकर्ताहरुलाई नेपालमा यसै महिना हुन लागेको लगानी सम्मेलनमा सहभागी भई लगानीका अवसरहरु पहिचान गर्न आग्रह गरेका छन् ।

हाल अमेरिकामा रहेका अर्थमन्त्री पुनले अमेरिकी च्याम्वर अफ कमर्सद्वारा वासिङ्गटन डिसीमा आयोजना गरेको राउण्ड टेवल छलफलमा सो आग्रह गरेका हुन् । कार्यक्रममा अमेरिकी सहयोग नियोगकी उपसहायक प्रशासक अञ्जली कौर, अमेरिकाका लागि नेपालका राजदूत श्रीधर खत्री, अमेरिकी च्याम्वर अफ कमर्सको दक्षिण एसियाका लागि वरिष्ठ उपाध्यक्ष अतुल कश्यपलगायतले नेपालको उक्त लगानी सम्मेलनको बारेमा धारणा राखेका थिए । सो कार्यक्रममा नेपालमा लगानी गरिरहेका अमेरिकी कम्पनीहरुको समेत सहभागिता रहेको थियो ।

नेपालमा वैदेशिक लगानी भित्र्याउने अभिप्रायले गर्न लागिएको तेस्रो लगानी सम्मेलन यही वैशाख १६ र १७ गते आयोजना गरिएको छ । यसैबीच अर्थमन्त्री पुनले विश्व बैंकका उपाध्यक्षहरु अकिहितो निशीओ र गुन्जे चेनसँग भेटघाट गरेका छन् । चेनसँगको भेटघाटमा मन्त्री पुनले उपल्लो अरुण जलविद्युत् आयोजनाका लागि बैंकको लगानीसम्बन्धी विषयमा छलफल गरेका थिए ।

यसैगरी अर्थमन्त्री पुनले अन्तर्राष्ट्रिय वित्त निगमका उपाध्यक्ष रिकार्डो पुलिटीसँग भेट गरी अर्को चरणको निगमको लगानीमा विस्तार गर्नेबारेमा समेत छलफल गरेका थिए ।


## Dewahi Gonahi Municipality
## Office of the Municipal Executive
## Prempur Gonahi, Rautahat

## Invitation for Bids No DG/01/NCB/Works/2080/81

Date of publication: 2081/01/06

1. Dewahi Gonahi Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the Construction of Ekikrit Dalit Basti Karkach under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 1,48,33,345.93.
2. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified below) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nabil Bank Name of Office: Dewahi Gonahi Municipality
   Office Account no.: 22901017500006
   Antarik Rajaswa (revenue) Khata Shirshak no. : 14229
3. Pre-bid meeting shall be held at Dewahi Gonahi Municipality Office of the Municipal Executive, Prempur, Gonahi, Rauthat at i.e.2081-01-21 on 13:00 .
4. Electronic bids must be submitted to the office Dewahi Gonahi Municipality Office of the Municipal Executive, Prempur, Gonahi, Rauthat through PPMO website www.bolpatra.gov.np/egpon before 12.00 on 2081/02/06. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14.00 on 2081/02/06 at the office of Dewahi Gonahi Municipality . Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 3,70,000 which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N | Description of Works | Estimated Amount (Inclusive VAT, PS) | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|
| 1 | Construction Of Ekikrit Dalit Basti Karkach DG/01/NCB/Works/2080/81 | NRs. 1,48,33,345.93 | NRs. 3,70,000 | NRs.3,000 |

**Chief Administrative officer**

# बालबालिकाका लागि 'डिजिटल लिटेरेसी' को महत्व : कक्षाकोठामा कसरी प्रवर्द्धन गर्ने ?

**एएनआई**

नयाँ दिल्ली ।वर्तमान प्रविधिको युगमा बालबालिकाका लागि 'डिजिटल लिटेरेसी' अत्यावश्यक छ । उनीहरुको गृहकार्य, जागिर आवेदन, बैंकिङदेखि सबै काम अनलाइन मन्चमा सञ्चालन हुने भएकोले 'डिजिटल लिटेरेसी' (विद्युतीय साक्षरता) विलासिता नभई आवश्यकता हो ।सन् १९९० को दशकमा नसुनिएको स्मार्टफोन अहिले धेरैको हातमा देखिन्छ । हालका विद्यार्थीले गृहकार्य गर्दा कम्प्युटरको प्रयोग गर्न थालेका छन् । आजका विद्यार्थी प्रविधिसँग धेरै परिचित भएकोले गर्दा यसलाई 'डिजिटल नेटिभ' भन्न थालिएको छ ।

एक्काइऔं शताब्दीमा जन्मिएका युवा पुस्ताका लागि स्मार्टफोन, ट्याब्लेट र कम्प्युटर दैनिक जीवनको हिस्सा भएको छ । 'एडोब एक्स प्रेस डिजाइन एप' जस्तो निःशुल्क उपकरणले बालबालिकाका लागि प्रयोग गर्न पहिलेभन्दा सजिलो बनाएको छ ।प्रविधिको प्रगतिले गर्दा र हाम्रो दैनिक जीवनको हरेक पक्षमा प्रविधिले विद्यार्थीमा विद्युतीय साक्षरता सीप विकास गर्न आवश्यक बनाएको छ । वास्तवमा विद्युतीय साक्षरता के हो र यो किन महत्वपूर्ण रहेका छ र यसलाई कक्षा कोठामा कसरी उपयोग गर्न सकिन्छ ? यस लेखमा डिजिटल साक्षरता शिक्षाको सबैभन्दा महत्वपूर्ण पक्षहरूमध्ये एक हो भन्ने बारे जानकारी गराइएको छ ।

प्रविधि साक्षरता विद्यार्थीमा उत्प्रेरित गर्न महत्वपूर्ण सीप हो ?

**(क) विद्यार्थीलाई भविष्यको** लागि तयार गर्न,

जसरी हामी प्राविधिक-केन्द्रित संसारमा परिवर्तन हुँदै गईरहेको छौं यहाँ भविष्यको रोजगार बजारलाई प्रविधिका सीपमा राम्रोसँग जान्ने कार्यबल चाहिन्छ । हामीले डिजिटल साक्षरता र प्राविधिक प्रवीणतामा अत्तिरित्त रकम (प्रिमियम लिने ) गरिरहेको छौं । भविष्यमा तीव्र अपेक्षा गरिएको हुनाले गर्दा विद्यार्थीलाई भोलि अगाडि बढाउनका लागि आवश्यक ज्ञानको साथ सुसज्जित गर्नु महत्वपूर्ण रहेको छ ।

**(ख) सूचनामा पहुच**

डिजिटल साक्षरताले विद्यार्थीलाई प्रभावकारी रूपमा पहुँच, ज्ञान र दृष्टिकोणलाई फराकिलो बनाउन ,उपयोग गर्न सहयोग गर्दछ । विद्यार्थीले जानकारीका लागि आलोचनात्मक मूल्याङ्कन गर्न र विश्वसनीय र अविश्वसनीय स्रोत बीचको भिन्नता गर्न सक्षम भएका छन् । गलत जानकारी दिने विश्वमा यो एक सीप भएकोले गर्दा राम्रो रहेका छ ।

**(ग) सूचना साक्षरता सिकाउन**

डिजिटल साक्षरताले अनलाइन उपलब्ध जानकारीको दिन र विद्यार्थीले प्रभावकारी रूपमा पहुँच, ज्ञान र दृष्टिकोणलाई फराकिलो बनाउन सहयोग गर्छ । गहिरो नक्कलीदेखि व्यंग्यात्मक सामग्रीको बीचमा सबै कुरा सुरक्षित रहेको भन्न सकिन्न । यसले गर्दा विद्यार्थीलाई भरपर्दो जानकारी के हो र के होइन भनेर छुट्याउन निकै चुनौतीपूर्ण बनाउन सक्छ । यसलाई ध्यानमा राखेर कक्षाकोठामा सूचना साक्षरता सिकाउनमा ध्यान केन्द्रित गर्नुपर्छ । विद्यार्थीलाई जानकारीको विश्वसनीयताको मूल्याङ्कन गर्न आवश्यक पर्ने सीप प्रदान गरेर गलत जानकारी बीचको भिन्नता छुट्याउन अझ राम्रोसँग सुसज्जित गर्न सहयोग हुनेछ ।

**(ध ) डिजिटल जिम्मेवारीमा ध्यान दिन**

अहिले सबै व्यक्ति अनलाइनमा आफ्नो विचार व्यक्त गर्न स्वतन्त्र रहेका छन् । विद्यार्थीलाई प्रविधिको जिम्मेवारी र अनलाइन शिष्टाचारको बारेमा शिक्षा दिनुपर्छ। यसले गर्दा विद्यार्थीलाई अनलाइन व्यवहारको महत्व सिकाउनु महत्वपूर्ण रहेको छ । विद्यार्थीले कसरी सम्मानजनकरूपमा अनलाइन व्यवहार गर्ने कुरामा ध्यान दिनुपर्छ ।

**(ङ) सञ्चारमा कौशल सुधार**

विद्यार्थीले विभिन्न डिजिटल प्राविधिक उपकरण वा सफ्टवेयर प्रयोग गर्ने थप कार्य विकास गर्ने, वा आधुनिक प्रविधिसँग परिचित विद्यार्थीलाई पाठ योजनामा एकीकृत गर्न सकिने डिजिटल क्षेत्र यात्रा समावेश भएको छ ।

**(ख) डिजिटल लेखन**

डिजिटल लेखन र परम्परागत लेखनका लागि दुई अद्वितीय कौशल सेट हुने गरेको विद्यार्थीले बुझ्नुपर्ने कुरा हो । उदाहरणका लागि परम्परागत निबन्धको विपरीत, विद्यार्थीलाई डिजिटल लेखनमा लिङ्क र सन्दर्भ कसरी प्रयोग गर्ने भनेर सिकाइनुपर्छ । विद्यार्थीलाई सान्दर्भिक, आकस्मिक र मिडियाको प्रयोगको साथ डिजिटल सामग्रीलाई कसरी थप अनुकूलन गर्ने भनेर पनि सिकाइनुपर्छ ।

**(ग) सूचना साक्षरता**

गलत जानकारीले गर्दा प्रयोगकर्ताका लागि इन्टरनेट ट्रेन्डिङको रुपमा रहेको हन्छ । यसले गर्दा विद्यार्थीलाई भरपर्दो जानकारी के हो र के होइन भनेर छुट्याउन निकै चुनौतीपूर्ण बनाउन सक्छ । यसलाई ध्यानमा राखेर, कक्षाकोठाले सूचना साक्षरता सिकाउनमा ध्यान केन्द्रित गर्नुपर्छ । विद्यार्थीलाई जानकारीको विश्वसनीयताको मूल्याङ्कन गर्न आवश्यक पर्ने सीप प्रदान गरेर तथ्य र गलत जानकारी बीचको भिन्नता छुट्याउन अझ राम्रोसँग सुसज्जित गर्नुपर्छ ।

**(ध) डिजिटल जिम्मेवारीमा ध्यान**

अहिले सबै व्यक्ति अनलाइनमा आफ्नो विचार व्यक्त गर्न स्वतन्त्र रहेका छन् । विद्यार्थीलाई प्रविधिको जिम्मेवारी र अनलाइन शिष्टाचारको बारेमा शिक्षा दिनु महत्त्वपूर्ण रहेको छ । यसले गर्दा विद्यार्थीहरूलाई अनलाइन व्यवहारको महत्त्व सिकाउनु महत्त्वपूर्ण रहेको छ । विद्यार्थीले कसरी सम्मानजनक रूपमा अनलाइन व्यवहार गर्ने कुरामा ध्यान दिनुपर्छ ।

**(ङ) अनलाइन सुरक्षा र गोपनीयताबारे छलफल गर्न**

हामी इन्टरनेट खतरनाक ठाउँ हुन सक्छ भन्ने तथ्यलाई कम गर्दैनौं । यसैले विद्यार्थीसँग अनलाइन सुरक्षा र गोपनीयताको महत्त्वबारे छलफल गर्दा विद्यार्थीलाई डिजिटल ठाउँमा आफूलाई सुरक्षित राख्न सक्षम बनाउँछ । विद्यार्थीलाई साझा अनलाइन खतरा पहिचान गर्न र उनीहरूको व्यक्तिगत डेटा सुरक्षित राख्ने तरिका सिकाउनुपर्छ ।

डिजिटल साक्षरताले विद्यार्थीलाई हाम्रो डिजिटल युगमा फस्टाउनको लागि सशक्तिकरण गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ ।

> डिजिटल लेखन र परम्परागत लेखनका लागि दुई अद्वितीय कौशल सेट हुने गरेको विद्यार्थीले बुझ्नुपर्ने कुरा हो ।

परिदृश्यमा प्रभावकारी रूपमा आफ्ना विचार लेख्न आवश्यक रहेको छ । ब्लग पोष्ट, सामाजिक सञ्जालमा पोष्ट र इमेलबाट, डिजिटल साक्षरताले विद्यार्थीलाई अनलाइन क्षेत्रमा फस्टाउनका लागि आवश्यक पर्ने डिजिटल सञ्चार सीप गर्न सक्षम बनाउँछ ।

**(ङ) ग्लोबल कनेक्टिविटी**

डिजिटल युगको सबैभन्दा ठूलो फाइदा भनेको यसले कसरी मानिसलाई सीमापार जडान गर्न सक्षम बनाएको छ । यसको माध्यमबाट विश्वव्यापी स्तरमा सहकार्य र सिक्ने अवसर असीमित भएका छन् । डिजिटल साक्षरताले यस अन्तरसम्बन्धित वातावरणमा प्रभावकारी सहभागितालाई सहज बनाएको छ ।

यसको एउटा उत्कृष्ट उदाहरण डिजिटल कलाले विश्वभरका मानिसलाई प्रभावमा लिन सक्ने देख्नु हो । होली पर्वको पोस्टर वा रक्षा बन्धन कार्ड जस्ता सांस्कृतिक कला उत्पादन गर्न डिजाइन प्रविधि प्रयोग गरेर, विश्वव्यापी दर्शकलाई सबै अनौठो उत्सव देखाउँछ । यस सन्दर्भमा, डिजिटल क्षेत्रहरूले एकीकरण र सांस्कृतिक संवर्धनको लागि वातावरण प्रदान गर्न सक्छ ।

हामीले त्यो कसरी गर्ने ? यहाँ हामीले हाम्रा कक्षाकोठामा डिजिटल साक्षरता बढाउन अवसर प्रदान गर्न सक्ने केही सजिलो तरिका रहेका छन् ।

**(क) शिक्षणमा प्राविधि समावेश गर्न**

कक्षाकोठामा डिजिटल साक्षरता प्रवर्द्धन गर्ने सबैभन्दा सरल तरिका भनेको आफ्नै शिक्षणमा प्रविधि समावेश गर्नु हो । उदाहरणको रुपमा भिडियो-आधारित पाठहरू हाल्ने,

कक्षाकोठामा अत्यावश्यक सीपलाई प्रवर्द्धन र स्थापना गरेर शिक्षकले विद्यार्थीको एक पुस्तालाई पालनपोषण गर्न सक्षम हुने र विद्याथीलाई शैक्षिक र भविष्यको करियर दुवैमा फस्टाउन आवश्यक पर्ने सीपले सुसज्जित गरेका छन् ।

# नेपाल समुह विजेता बन्दै एसीसी प्रिमियर कपको सेमिफाइनलमा

**काठमाडौं** । एसीसी पुरुष प्रिमियर कप क्रिकेट प्रतियोगिताको डिफेन्डीङ च्याम्पियन रहेको नेपाल समूहगत चरणको आफ्नो अन्तिम खेलमा साउदी अरेबियालाई ६ विकेटले हराउदै समुह विजेता बन्दै सेमिफाइनलमा प्रवेस गरेको छ ।



नेपाली टोली लिग चरणमा आफ्नो सबै खेल जित्दै आठ अंकसहित समूह 'ए' को विजेताका रूपमा प्रतियोगिताको सेमिफाइनलमा पुगेको हो । नेपालसँग पराजित भएपछि साउदी अरेबिया भने समूहगत चरणबाटै घर फर्कन बाध्य भयो । नेपालले लागातार चौथो चित हासिल गरेको छ ।

टस हारी पहिले ब्याटिङको निम्तो पाएको साउदी अरेबियाले निर्धारित आठ ओभरमा सात विकेट गुमाएर ७३ रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको नेपालले भने ७.२ ओभरमा केवल चार विकेट गुमाएर ७५ रन बनाउँदै विजयलक्ष्य पार गर्यो ।

नेपालको जितमा गुलसन झाले अविजित ३२ रनको योगदान गरे । उनले केवल १९ बलको सामना गरी दुई छक्का र दुई चौका पनि हिर्काए । कप्तान रोहित पौडेलले पनि अविजित १६ रन बनाए । उनले सात बलमा एक छक्का र एक चौका प्रहार गरे ।

दीपेन्द्रसिंह ऐरीले पनि टोलीको खातामा १७ रन थपे । उनले नौ बलमा तीन चौका प्रहार गरे । आसिफ शेख र कुशल मल्लले दुई-दुई रन बनाए । ओपनर कुशल भुर्तेल भने खाता खोल्नुअघि नै पेभेलियन फर्किएका थिए । नेपालले अतिरिक्त रूपमा ६ रन पायो । साउदी अरेबियाका बलर ईस्तिक अहमदले दुई विकेट लिए । वाजी उल हसन, उसमान नजिबले पनि एक-एक विकेट हात पारे ।

पहिले ब्याटिङ गरेको साउदी अरेबियाका लागि अब्दुल वाहिदले सर्वाधिक ३७ रन बनाएका थिए । अन्य ब्याट्सम्यानले भने दोहोरो अंकमा रन बनाउन सकेनन् । नेपाली टोलीका बलर करण केसी र अविनाश बोहराले दुई-दुई विकेट लिए । ललित राजवंशी र प्रतिस जिसीले पनि एक-एक विकेट हात पारे ।

नेपालले पहिलो विकेटका रूपमा ओपनर कुशल भुर्तेललाई गुमाएको थियो । उनी पहिलो ओभरको दोस्रो बलमै पेभेलियन फर्किएका थिए । उनलाई साउदी अरेबियाका बलर ईस्तिक अहमदले उसमान नजिबद्वारा क्याच गराएका थिए । उनी आउट हुँदा नेपालले खाता पनि खोल्न सकेको थिएन ।

नेपालले दोस्रो विकेटका रूपमा अर्का ओपनर आसिफ शेखलाई गुमाएको थियो । उनी केवल दुई रन बनाउँदै आउट भएका थिए । उनलाई साउदी अरेबियाका बलर उसमान नजिबले उसमान खालिदद्वारा क्याच गराएका थिए । दोस्रो ओभरको दोस्रो बलमा विकेटकिपर ब्याट्सम्यान आसिफ शेख आउट हुँदा नेपालले पाँच रन बनाएको थियो ।

नेपालले तेस्रो विकेटका रूपमा कुशल मल्ललाई गुमाएको थियो । उनी पाँच बलमा दुई रन बनाउँदै पेभेलियन फर्किएका थिए । उनलाई साउदी अरेबियाका बलर ईस्तिक अहमदले बोल्ड गरेका थिए । तेस्रो ओभरको दोस्रो बलमा कुशल मल्ल आउट हुँदा नेपालले १५ रनमात्र बनाउन सकेको थियो ।

नेपालले चौथो विकेटका रूपमा दीपेन्द्रसिंह ऐरीलाई गुमाएको थियो । उनी नौ बलमा तीन चौकाको मद्दतले १७ रन बनाउँदै पेभेलियन फर्किएका थिए । उनलाई साउदी अरेबियाका बलर वाजी उल हसनले ईस्तिक अहमदद्वारा क्याच गराएका थिए । पाँचौं ओभरको अन्तिम बलमा दीपेन्द्र आउट हुँदा नेपालले ४८ रन बनाएको थियो । नेपाललाई जितका लागि १८ बलमा २६ रन चाहिएको थियो ।

त्यसअघि पहिले ब्याटिङ गरेको साउदी अरेबियाको पहिलो विकेट करण केसीले लिएका थिए । उनले साउदी अरेबियाका ओपनर ब्याट्सम्यान फैसल खानलाई ६ रनको व्यक्तिगत स्कोरमा कुशल मल्लद्वारा क्याच गराएका थिए । पहिलो ओभरको दोस्रो बलमा फैसल खान आउट हुँदा साउदी अरेबियाले केवल ६ रन बनाएको थियो ।

साउदी अरेबियाको दोस्रो विकेट पनि करण केसीले नै लिएका थिए । करणले साउदी अरेबियाका तेस्रो नम्बरका ब्याट्सम्यान अब्दुल वाहिदलाई ११ रनको व्यक्तिगत स्कोरमा कुशल भुर्तेलद्वारा क्याच गराएका थिए ।

२.१ ओभरमा अब्दुल वाहिद आउट हुँदा साउदी अरेबियाले २० रन बनाएको थियो ।

साउदी अरेबियाको तेस्रो विकेट ललित राजवंशीले लिएका थिए । उनले साउदी अरेबियाका ब्याट्सम्यान वाजी उल हसनलाई तीन रनको व्यक्तिगत स्कोरमा करण केसीद्वारा क्याच गराएका थिए । चौथो ओभरको अन्तिम बलमा वाजी उल हसन आउट हुँदा साउदी अरेबियाले ४२ रन बनाएको थियो ।

साउदी अरेबियाको चौथो विकेट प्रतिस जिसीले लिएका थिए । प्रतिसले साउदी अरेबियाका ब्याट्सम्यान अब्दुल वाहिदलाई एलबीडब्लूको धरापमा पारेका थिए । पेभेलियन फर्किनुअघि अब्दुल वाहिदले केवल १६ बलमा तीन छक्का र तीन चौकाको मद्दतले ३७ रन बनाएका थिए । ५.४ ओभरमा अब्दुल वाहिद आउट हुँदा साउदी अरेबियाले ५५ रन बनाएको थियो ।

साउदी अरेबियाको पाँचौं विकेट अविनाश बोहराले लिएका थिए । उनले साउदी अरेबियाका ब्याट्सम्यान कासिफ अब्बासलाई आठ रनको व्यक्तिगत स्कोरमा एलबीडब्लूको धरापमा पारेका थिए । ६.२ ओभरमा कासिफ अब्बास आउट हुँदा साउदी अरेबियाले ६३ रन बनाएको थियो ।

साउदी अरेबियाको छैटौं विकेट पनि अविनाश बोहराले लिएका थिए । उनले साउदी अरेबियाका कप्तान हिसाम शेखलाई दुई रनको व्यक्तिगत स्कोरमा कप्तान रोहित पौडेलद्वारा क्याच गराएका थिए । ६.४ ओभरमा हिसाम शेख आउट हुँदा साउदी अरेबियाले ६४ रन बनाएको थियो । साउदी अरेबियाले सातौं विकेटका रूपमा भने साद खानलाई पाँच रनको व्यक्तिगत स्कोरमा गुमाएको थियो । उनी अन्तिम ओभरको अन्तिम बलमा रन आउट हुँदै पेभेलियन फर्किएका थिए ।

नेपाल र साउदी अरेबियाबिचको खेल नेपाली समय अनुसार, बिहान ११:४५ बजे सुरु हुने कार्यक्रम थियो । तर, अघिल्लो रातको वर्षाका कारण आउट फिल्ड खेल्न योग्य नभएकाले खेल सुरु हुन ढिलो भएको हो । त्यसैले खेल आठ-आठ ओभरमा झारिएको थियो ।

प्रतियोगिता अन्तर्गत समूह 'बी' को लिग चरणको खेल पनि बुधबार नै सकिने छ । समूह 'बी' को बुधबार हुने खेलमा संयुक्त अरब इमिरेट्स (यूएई) ले कम्बोडियाको र ओमानले कुवेताको सामना गर्नेछन् ।समूहगत चरणको समाप्तिपछि दुवै समूहबाट दुई-दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन् । दुवै सेमिफाइनल खेल अप्रिल १९ तारिखमा खेलिने छ । सेमिफाइनलमा विजयी हुने टोली फाइनलमा पुग्नेछन् भने पराजित दुई टोलीबिच अप्रिल २० तारिखमा तेस्रो स्थानका लागि खेल हुनेछ । फाइनल खेल अप्रिल २१ तारिखमा खेलिने छ ।

समूह 'ए' बाट हङ्कङ दोस्रो हुँदै सेमिफाइनलमा पुग्न सफल भयो । बुधबार नै खेलिएको समूहगत चरणको आफ्नो अन्तिम खेलमा हङ्कङले मलेसियालाई सात विकेटले हराएको थियो । बुधबारको खेलमा नेपाललाई हराउन सकेको भए साउदी अरेबिया नेट रनरेटका आधारमा हङ्कङलाई पछि पार्दै अन्तिम चारमा पुग्ने थियो ।

समूहगत चरणको समाप्तिपछि नेपाल आठ अंकसहित पहिलो, हङ्कङ चार अंकसहित दोस्रो, कतार चार अंकसहित तेस्रो, साउदी अरेबिया दुई अंकसहित चौथो र मलेसिया दुई अंकसहित पाँचौं भए । हङ्कङको नेट रनरेट -०.१२८ र कतारको नेट रनरेट -०.४५३ रह्यो ।

नेपाल एसीसी प्रिमियर कपको साविक विजेता पनि हो । अघिल्लो वर्ष घरेलु मैदानमा आयोजना भएको एसीसी प्रिमियर कपको पहिलो संस्करणको फाइनलमा नेपालले यूएईलाई सात विकेटले हराएको थियो । सोही प्रतियोगिताको विजेता बन्दै नेपाल एसिया कपमा छनोट भएको थियो ।

एसीसीका एसोसिएट्स सदस्य राष्ट्रका लागि प्रिमियर कप क्रिकेट महत्त्वपूर्ण प्रतियोगिता हो । यही प्रतियोगिताले एसोसिएट्स सदस्य राष्ट्रका लागि एसिया कपजस्तो ठुलो प्रतियोगिता खेल्ने अवसर प्रदान गर्छ ।

विश्व वरियतामा दीपेन्द्रको नयाँ कीर्तिमान

नेपाली राष्ट्रिय क्रिकेट टोलीका सदस्य दीपेन्द्रसिंह ऐरी आईसीसी टी- २० वरियताको अलराउन्डरतर्फ ११औं स्थानमा उक्लिएका छन् ।

अन्तर्राष्टिय क्रिकेट काउन्सिल (आइसिसी) ले जारी गरेको नयाँ वरियतामा दीपेन्द्र १४औं स्थान सुधार गर्दै ११औं स्थानमा पुग्न सफल भएका हुन् । त्यसै गरी ब्याटिङतर्फको विश्व वरियतामा १६ स्थान सुधार गर्दै ऐरी ६२ औं स्थानमा उक्लिएका छन् ।

ऐरी हाल ओमानमा जारी एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरिरहेका छन् ।

उनले उक्त प्रतियोगताअन्तर्गत कतारविरुद्धको खेलमा एकै ओभरमा ६ वटा छक्का प्रहार गरेका थिए ।

ब्याट्सम्यानको नयाँ वरियतामा नेपाली टोलीका कप्तान रोहितकुमार पौडेल ५३औं स्थानमा रहँदा आसिफ शेखले ३६ स्थान सुधार गर्दै ७५औं स्थानमा उक्लेका छन् । त्यस्तै कुशल मल्ल ९ स्थान सुधार गर्दै १००औं स्थानमा पुगेका छन् ।

# गाउँघरमा पनि क्रिकेटको आकर्षण बढ्दै

**बझाङ** । भारतमा सञ्चालन भइरहेको इन्डियन प्रिमियर लिग (आइपीएल) को सरगर्मी सुदूर पहाडका दुरदराज गाउँमा पनि ह्वात्तै बढेको छ । परम्परागत खेलिने खेल विस्तारै ओझेलमा पर्दै गएपछि सहरतिर खेलिने फुटबल, बाँस्केटबल, क्रिकेट, ब्याडमिन्टनलगायत खेलप्रति बालबालिका आकर्षित देखिन थालेका हुन् ।

सुशील जोशी दुर्गा महालिङ माविमा सात कक्षामा अध्ययन गर्नुहुन्छ । ११ वर्षीय सुशील गाउँमा दुई वर्षदेखि क्रिकेट खेलिरहनुभएको छ । उहाँ भारतीय क्रिकेट स्टार विराट कोहलीको खेलबाट प्रभावित भएको बताउनुहुन्छ । कोहलीको खेल कुन दिन, कुन समूहसँग हुन्छ भन्ने उहाँलाई प्रायः थाहा भइरहन्छ ।

फुर्सद भयो कि सुशीलसहित मेखराज, सुवास, टङ्क, खेमराज, सायदको टोली खुला चौरमा क्रिकेट खेल्न जानुहुन्छ ।

खेल खेल्दै गर्दा आफूलाई क्रिकेटका वादशाह धोनी, कोहली, रोहित शर्मालगायत नेपाली क्रिकेटका नाममा आफूलाई चिनाउँनुहुन्छ ।गणेश जोशी क्रिकेटमा लामो सर्ट हान्नसक्ने हुँदा दीपेन्द्रसिंह ऐरीलाई सम्झनुहुन्छ । दीपेन्द्रको खेलबाट प्रभावित भएको बताउने उहाँले ब्याडिङ गर्दा 'छक्का दीपेन्द्र' भन्दै सके जति बल टाढा फाल्ने कोसिस गर्नुहुन्छ । टिमका सहभागीले पनि दीपेन्द्रको चौका छक्का सुरू भन्दै हुटिङ गर्छन् । त्यसपछि गणेशले सके जति बल ढाढा फाल्नुहुन्छ ।

खप्तडछान्ना-५ पिठातोलाको सुकिला ढङ्गमा खुला चौर हुँदा हरेक साँझ बालबालिका जम्मा भएर क्रिकेट खेल्छन् ।

क्रिकेटका सबै नियम थाहा पाएका बालबालिका आफैँले बनाएको काठको ब्याड र कपडाको बलले क्रिकेट खेल्ने गरेको सुवास जोशीले बताउनुभयो ।

"पहिले-पहिले टाइमपास, डण्डिबियो, चुन्नी, आरामविश्राम (खुट्टाले खेलिने) खेल्थ्यौं । आजभोलि कसले चौका/छक्का हान्छ, कसले विकेट लिन सक्छ भनेर क्रिकेट खेल्न रूचि लाग्छ", उहाँले भन्नुभयो । सुवासका अनुसार गाउँघरमा सबै बालबालिकाको नजरमा क्रिकेट नै हुन्छ । "राति मोबाइलमा क्रिकेट हेर्ने र दिउँसो अभ्यास गर्दैगर्दा क्रिकेटको लत बसेको थाहै भएन", उहाँले भन्नुभयो ।

पिठातोलामा बालबालिकाले क्रिकेट खेल्न थालेको धेरै भएको छैन ।

भरत खत्रीले भन्नुभयो, "हाम्रो पालामा पुरानै खेलहरू खेलिन्थे । अहिले गाउँघरमा सबैका हालमा मोबाइल फोनहरू छन् । नेटवर्कले राम्रै काम गर्छ । इन्टरनेट पनि फोरजी चल्न थाल्यो । बालबालिका मोबाइलमै झुम्मिन थाले । सदरमुकाम चैनपुर, प्रदेश राजधानी धनगढीसम्म पनि आवतजावत हुन थाल्यो ।

त्यो ठाउँमा देखे । गाउँमा पनि खेल्न थाले ।"

खत्रीका अनुसार खप्तडछान्नामै पिठातोला धेरै पछाडि परेको गाउँ हो ।

"अन्य ठाउँभन्दा पछाडि पिठातोला छ । त्यही ठाउँमा पनि क्रिकेटलाई माया गर्न नयाँ पुस्ता देखिएका छन् । अहिले हेर्दा त नयाँ पुस्ताको मन मस्तिष्कमै क्रिकेट देखिन्छ", उहाँले भन्नुभयो ।रासस

# पाकिस्तानमा वर्षाका कारण थप चारको मृत्यु

**एएनआई**

खैबरपख्तुनख्वा ।पाकिस्तानको खैबरपख्तुनख्वा (केपी) मा लगातार भारी वर्षाका कारण उत्पन्न विपद्का घटनामा थप चार जनाको ज्यान गएको छ । योसँगै हालसम्म प्रान्तमा वर्षाको कारण मृतकको स?या २५ पुगेको अधिकारीहरूलाई उद्धृत गर्दै 'डन समाचारपत्र'ले जनाएको छ ।



साङ्ला र चारसद्दा जिल्लामा मौसमी प्रतिकूलताले हताहतका घटनाहरू भएका छन्, जसले विगत केही दिनदेखि लगातार भारी वर्षाका साथै आँधीबेहरी आइ थप विनाश गरेको छ ।केपी प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरण (पिडिएमए) ले अप्रिल १२ देखि मृतकको संख्या २१ पुगेको जनाएको छ । घाइतेको संख्या पनि बढेर ३२ पुगेको छ ।

उद्धार-११२२ टोली का प्रवक्ता बिलाल अहमद फैजीले चारसद्दाको सबकदरमा घर क्षति भएपछि दुई बालबालिकाको ज्यान गएको पुष्टि गर्नुभयो । त्यसैगरी, साङ्लाका उपायुक्त जियाउर रहमानले सोमबार राति साङ्लामा दुई जनाको मृत्यु भएको जानकारी दिनुभयो ।

जहाँ अलपुरीको देहराई क्षेत्रमा आकस्मिक बाढीमा आमा र बच्चा बगाएको छ । यी नयाँ हताहतहरूसँगै, प्रान्तमा मृत्युको संख्या २५पुगेको हो ।

लोअर कोहिस्तानको डुबेरका ज़ाहिद कथानाले अस्थायी सडक र पुलहरू सन् २०१० पछि पाँचौं पटक बाढीले बगाएको बताउनुभयो । बाढीले बासिन्दाहरूलाई घरमा सीमित रहन बाध्य पारेको जनाउनुभयो । असहज परिस्थितिले स्थानीयलाई दुर्गम भूभागबाट कठिन यात्रा सहेर अस्थायी व्यवस्था प्रयोग गरी बिरामीहरूलाई अस्पताल पुर्याउन बाध्य तुल्यायो ।

वर्षा रोकिएपछि नदीको जलस्तर घटेको छ भने पिडिएमएले केपीका प्रभावित जिल्लाहरूमा राहत कार्य सुरु गरेको छ ।

पाकिस्तान मौसम विज्ञान विभाग (पिएमडी) ले अप्रिल २२ सम्म देशभर वर्षा जारी रहने पूर्वानुमान गरेको छ । यसैबीचच अर्को शक्तिशाली लहर पश्चिमी क्षेत्रहरूमा प्रवेश गर्ने आँकलन गरिएको छ । यो लहर देशको माथिल्लो भागहरूमा विस्तार हुदा सुरुमा बलुचिस्तानलाई असर गर्ने अनुमान गरिएको छ ।

पिएमडीको पूर्वानुमानमा विभिन्न क्षेत्रहरूमा भारी वर्षार आँधीबेहरी आउने समावेश छ । पृथक क्षेत्रहरूमा भारी वर्षा हुने सम्भावना छ । खैबरपख्तुनख्वामा, चित्राल, दिर, स्वात, एबटाबाद र अन्य जिल्लाहरू समेत प्रभावित हुने पुर्वानुमान गरिएको छ ।

गिलगिट-बाल्टिस्तान र कश्मीरमा पनि वर्षा, आँधीबेहरी र उच्च पाहाडी क्षेत्रहरूमा हिमपातसहित खराब मौसमको सामनाका लागि तयारी भएको छ । पञ्जाब र सिन्धका क्षेत्रहरू सम्भावित वर्षा, आँधीबेहरी र असिनाबाट बच्न आवाश्यक तयारी गर्न सल्लाह दिइएको छ ।

पिएमडीले माथिल्लो केपी, मुर्री, गलियत, कश्मीर र जीबीमा भूस्खलनको जोखिमसँगै केही क्षेत्रमा आकस्मिक बाढीको चेतावनी दिएको छ । किसानहरूलाई बालीको रक्षा गर्न सावधानी अपनाउन सल्लाह दिइएको छ । अधिकारीहरूलाई सतर्क रही सम्भावित जोखिमलाई कम गर्न आवश्यक उपायहरू अवलम्बन गर्न आग्रह गरिएको छ ।

राष्ट्रिय राजमार्ग तथा मोटरवे प्रहरीले मौसमी सुरक्षा सुनिश्चित गर्न पिएमडीको सल्लाह अनुसार अनावश्यक यात्रा नगर्न सर्वसाधारणलाई सल्लाह दिएको डनले जनाएको छ ।

# अर्थमन्त्री पुन र विश्व बैंकका दुई उपाध्यक्षबीच भेटवार्ता

**काठमाण्डु** । अर्थमन्त्री वर्षमान पुनले विश्व बैंकका उपाध्यक्षद्वय आकिहिको निसिओ र ग्वाङ्झे चेनसँग भेटवार्ता गर्नुभएको छ।



आकिहिको निसिओ विश्व बैंकका विकास वित्त (डीएफआई) परिचालन र ग्वाङ्झे चेन पूर्वाधार क्षेत्र हेर्ने उपाध्यक्ष हुनुहुन्छ । दुवै उपाध्यक्षसँग मन्त्री पुनले वासिङटन डिसीस्थित विश्व बैंक मुख्यालयमा गएराति भेटवार्ता गर्नुभएको उहाँको सचिवालयले जनाएको छ । अमेरिकी अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी)का उपाध्यक्ष रिकार्डो पुलिटीसँग अर्थमन्त्री पुनले भेटवार्ता गर्नुभएको थियो ।सो अवसरमा अर्थमन्त्री पुनले विश्व बैंकका उपाध्यक्ष आकिहिको निसिओसँग आगामी जुनमा काठमाडौँमा विश्व बैंक समूहअन्तर्गतको अन्तर्राष्ट्रिय विकास सङ्घ (आईडीए-२१)को बैठक गर्ने नेपालको प्रस्ताव स्वीकार गरेकामा धन्यवाद दिनुभयो। सो बैठकको राम्रो तयारी भइरहेको भन्दै त्यसका लागि काठमाडौँस्थित विश्व बैंकको देशीय कार्यालयसँग समन्वय गरिरहेको बताउनुभयो । उहाँले नेपालमा सहुलियतपूर्ण कर्जा वा अनुदानमार्फत लगानीका थप क्षेत्र पहिल्याउन आग्रह गर्नुभयो ।

नेपालजस्ता विकासोन्मुख देशका लागि भरपर्दो माध्यम बनाउन सकिने भन्दै मन्त्री पुनले पछिल्लो दशकमा दूरसञ्चार, यातायात, स्वच्छ ऊर्जाजस्ता क्षेत्रमा नेपालले हासिल गरेका उपलब्धि विश्व समुदायले हेर्न लायक भएको उल्लेख गर्नुभयो ।नेपाल सरकार र १६ विकास साझेदारले सन् २०२१ मा संयुक्त रुपमा अनुमोदन गरेको हरित, उत्थानशील र समावेशी विकास (ग्रिड) का लागि रणनीतिक कार्ययोजना समावेश गरिएको काठमाडौँ घोषणापत्रको मार्गनिर्देशनमा अघि बढेको उहाँले जानकारी दिनुभयो ।

सो घोषणापत्रको अवधारणाअनुसार आगामी वर्ष पहिलो हरित उत्थान र समावेशी विकास कार्यक्रम अन्तर्गतको (ग्रिड डिपीसी) कार्यान्वयन गर्न लागिएको उहाँको भनाइ थियो ।

मन्त्री पुनले एक हजार ६३ मेगावाटको माथिल्लो अरुण अर्धजलाशययुक्त आयोजना र छ सय ३५ मेगावाटको दूधकोशी जलाशययुक्त आयोजनामा विश्व बैंकले लगानी गर्न देखाएको तत्परताका लागि प्रशंसा गर्नुभयो । विश्व बैंकको पूर्वाधार क्षेत्र हेर्ने उपाध्यक्ष ग्वाङ्झे चेनसँग भएको भेटमा मन्त्री पुनले नेपालले पूर्वधार विकासलाई उच्च प्राथमिकतामा राखेको बताउनुभयो । सरकारका तर्फबाट ऊर्जा, यातायात र सहरी पूर्वाधार केन्द्रित योजनामा जोड दिइएको उहाँको भनाइ थियो ।

उहाँले गत साता मात्र दुई ठूला जलविद्युत आयोजनाहरू माथिल्लो अरुण र दूधकोशीको वित्तीय ढाँचाबारे विश्व बैंकका काठमाडौँस्थित अधिकारीहरुसँग भएको 'राउण्डटेबल' बैठक फलदायी भएको भन्दै छिट्टै वित्तीय व्यवस्थापनको टुङ्गो लाग्नेमा आशा व्यक्त गर्नुभयो ।दुवै आयोजना नेपालको 'गेम चेन्जर' भएको उहाँले ती अयोजनाको विकासले नेपालको ठूला पूर्वधार निर्माण क्षमता अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो । आगामी असारभित्रमा माथिल्लो अरुण जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन हुनेमा आफूहरु ढुक्क रहेको उहाँले उल्लेख गर्नुभयो ।

माथिल्लो अरुण आयोजना क्षेत्रका प्रभावितलाई मुआब्जा र क्षतिपूर्ति वितरण, पहुँचमार्ग निर्माण तथा जमिनको अधिग्रहणजस्ता काम सकिने चरणमा पुनेको उहाँले जानकारी दिनुभयो ।

नेपालले जलविद्युत्का लागि क्षेत्रीय बजारको समेत सुनिश्चितता गरेको भन्दै उहाँले भारतसँग आगामी १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने सम्झौता गरेको र बङ्गलादेशले समेत नेपालको विद्युत् किन्ने प्रक्रिया अघि बढिसकेको स्पष्ट पार्नुभयो ।

आईएफसीका उपाध्यक्ष पुलिटीसँगको भेटमा मन्त्री पुनले आगामी दिनमा आईएफसी र नेपालबीचको सहकार्य थप प्रगाढ र सुदृढ भएर जाने विश्वास व्यक्त गर्नुभयो ।नेपाल र आईएफसीबीच पाँच दशक लामो सहकार्य रहेको स्मरण गर्दै मन्त्री पुनले नेपालको पर्यटन क्षेत्रमा आईएफसीले पहिलोपटक लगानी गरेको बताउनुभयो ।

निजी क्षेत्रसँग सम्बन्धित भएर नेपालको आर्थिक विकास प्रयास तथा पुँजीको व्यवस्थापनमार्फत निजी क्षेत्रको विकासमा आईएफसीले गरेको सहयोग सराहनीय रहेको उहाँको भनाइ थियो । उहाँले आगामी दिनमा लगानीका क्षेत्र बढाउन तथा पुँजी परिचालन तथा प्राविधिक सहयोग बढाउन पनि अपिल गर्नुभयो ।नेपालको पर्यटन, ऊर्जा, यातायात र कृषि क्षेत्रमा आईएफसीको सहयोग रहँदै आएको उनले बताउनुभयो । आगामी दिनमा नेपालमा सूचना प्रविधि क्षेत्रका लागि लगानीको राम्रो वातावरण रहेको मन्त्री पुनको भनाइ थियो । सानो अर्थतन्त्र भएका कारण लगानीयोग्य पुँजी रहेकाले वैदेशिक लगानीका स्वागत गर्ने नीति अख्तियार गरिएको मन्त्री पुनले बताउनुभयो।

निजी पुँजी परिचालन बढाउन, थप रोजगारीका अवसर सिर्जना गर्न तथा आर्थिक गतिविधि र वित्तीय पहुँच बढाएर जनताको जीवनस्तर उकास्न सरकार लागिपरेको मन्त्री पुनले उल्लेख गर्नुभयो ।

तीनवटै भेटमा पुनले वैदेशिक लगानी भित्र्याउन यही वैशाख १६ र १७ मा काठमाडौँमा हुन गइरहेको तेस्रो अन्तर्राष्ट्रिय लगानी सम्मेलन आयोजना गरिएको भन्दै त्यसमा उच्चस्तरको सहभागिताको अपेक्षा राखिएको बताउनुभयो ।

विश्व बैंक र अन्तर ाष्ट्रिय मुद्रा कोषको संयुक्त वसन्तकालीन बैठकमा सहभागी हुन मन्त्री पुन सोमबार बिहान अमेरिका प्रस्थान गर्नुभएको थियो ।रासस

# पेट्रोलियम भण्डारण गृह निर्माण प्रक्रिया अघि बढ्यो




**भैरहवा** । नेपाल आयल निगमले रुपन्देहीको रोहिणी खोला किनारमा पेट्रोलियम भण्डारण गृह निर्माण प्रक्रिया अघि बढाएको छ। रुपन्देहीको ओमसतिया र रोहिणी गाउँपालिकाको सीमा क्षेत्रस्थित रोहिणी खोला किनारमा तटबन्ध निर्माण र जमीन पुर्ने कार्यको थालनी गरिएको छ ।

ओमसतिया गाउँपालिकाका अध्यक्ष मञ्जितकुमार यादव र रोहिणी गाउँपालिकाका अध्यक्ष विद्याप्रसाद यादवले संयुक्तरूपमा बुधबार उक्त कार्यको शुभारम्भ गर्नुभयो ।

रुपन्देहीको भलबारी डिपोको भण्डारण क्षमता कम भएको तथा बस्ती नजिक रहेकाले निगमले खरिद गरेको १३ दशमलव पाँच बिघा जग्गामा नयाँ भण्डारण गृह निर्माण गर्न लागिएको निगमले जनाएको छ। सो भण्डारण लुम्बिनी प्रदेशको २० दिनको माग धान्नेछ। निगमले पेट्रोलियम पदार्थको भण्डारण क्षमता अभिवृद्धिका लागि देशका विभिन्न स्थानमा भण्डारण गृह निर्माण गर्दै आएको छ।

कार्यक्रममा रोहिणी गाउँपालिकाका अध्यक्ष विद्याप्रसादले परियोजना निर्माणमा स्थानीय सरकारले पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै निगमले स्थानीयवासीको चासो सम्बोधन गरिदिनुपर्नेमा जोडदिनुभयो।ओमसतियागाउँपालिकाका अध्यक्ष मञ्जितकुमारले स्थानीय जनतालाई रोजगारी दिने तथा यस क्षेत्रको विकासमा ध्यान दिन आग्रह गर्नुभयो ।

करिब रु तीन अर्ब लागतमा भण्डारण गृह निर्माण गर्न लागिएको भण्डारण गृह निर्माण परियोजनाका संयोजक प्रदीप यादवले जानकारी दिनुभयो । सो स्थानमा डिजेल भण्डारणका लागि दुई हजार एक सय किलोलिटर क्षमताका तीन, पेट्रोल भण्डारणका लागि एक हजार छ सय किलोलिटर क्षमताका दुई र मट्टितेल भण्डारणका लागि ७० किलोलिटर क्षमताका तीन वटा ट्याङ्क निर्माण गरिनेछ ।

भण्डारण निर्माण भएसँगै हालको भलबारी डिपो यहाँ सर्नेछ । भण्डारण डिपोलाई बाढीबाट जोगाउन दुई मिटर अग्लो बाँध निर्माण गरी जमिन पुरिने परियोजना संयोजक यादवले जानकारी दिनुभयो ।

आगामी असारसम्म तटबन्ध लगाउने र जमिन पुर्ने काम सम्पन्न गरिने जानकारी दिँदै उहाँले असोजभित्र परियोजनाको डिजाइन सम्पन्न गरिने बताउनुभयो। परियोजनाको डिजाइनकाठमाडौँविश्वविद्यालयले गर्नेछ ।

आगामी मङ्सिरमा भण्डारण परियोजना निर्माणको शिलान्यास गर्ने र विसं २०८३ भित्र निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

काठमाडौं विश्वविद्यालयका प्राध्यापक विवेक बरालले विश्वविद्यालय र निगमबीच लामो समयदेखि सहकार्य रहँदै आएको उल्लेख गर्दै मुलुकको ऊर्जा सुरक्षाका लागि भण्डारण गृह निर्माण महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो ।रासस

# स्ट्रबेरी खेतीबाट दाम र नाम कमाउदै

। बनेपा नगरपालिका-१० का मुक्ति विष्टले तीन वर्षअघि सुरु गर्नुभएको व्यायसायिक स्ट्रबेरी (भूईंकाफल) खेतीमा विस्तार गर्दै लैजानुभएको छ ।कोरोना महामारीका समयमा धेरैले रोजगारी गुमाइरहेका बेला विष्टदे भने स्वरोजगार बन्ने जुक्ति निकाले स्ट्रबेरी खेती सुरु गर्नुभक्ऐ थियो। उहाँ उक्त काममा कत्तिपनि विचलित नभइ निरन्तरको मेहनतले व्यवसायको दायरा बढाउँदै रमाइरहनुभएको छ।

दैनिक हजारौँ युवा रोजगारीका लागि विदेश पलायन भइरहँदा स्वदेशमै केही गरौँ भन्ने लाग्नलाई विष्टको स्ट्रबरी खेती उदाहरणीय बन्ने गरेको छ। अहिले विष्टले यही खेतीबाट नाम र दाम पनि कमाउँदै आउनुभएको छ। उहाँले आफ्नै माटोमा बगाउनुभएको पसिनाले प्रत्येक वर्ष मुनाफा बढाइरहेको बताउनुभयो । विष्टले आफ्नो १० रोपनी जग्गामा स्ट्रबेरी रोपेर युवालाई स्वदेशमा नै केही गर्न सकिन्छ भन्ने सन्देश दिने अभियानमा लागेको बताउनुभयो। बयालीस वर्षीय विष्टले स्ट्रबेरी रोप्ने सीप सिकेर व्यवसाय थाल्नुभएको होइन । रुले रोपेको देखेर र भनेको सुनेको भरमा काम थालेको उहाँको भनाइ छ।

गतवर्ष स्ट्रबेरी बेचर सबै खर्च काट्दा पनि रु ४० लाख मुनाफा भएको विष्टले जानकारी दिनुभयो। उहाँले यसवर्ष ५० हजार केजी उत्पादन गर्ने लक्ष्य लिएको भन्दै यसबाट गत वर्षभन्दा बढी आम्दानी हुने बताउनुभयो ।उहाँले स्ट्रबेरी खेतीका लागि बनेपा र ककनीमा गरी एक लाख बिरुवा रोप्नुभएको छ।

विष्टले भन्नुभयो, "बिरुवा र उत्पादनका लागि अब बजारको समस्या छैन, आफैँ बिरुवा उत्पादन गर्न थालेको छु।" उहाँले चितवन, नवलपरासी र बारामा स्ट्रबेरी खेतीका लागि अध्ययन भइरहेको भन्दै गत वर्ष ४० हजार बिरुवा उत्पादन गरी केही बिक्री गरेको जानकारी दिनुभयो।

दुई महिनामा हुर्केको स्टेबरीले उत्पादन दिन थाल्छ। हाल स्ट्रबेरीको बजारमा प्रतिकेजी रु तीन सयदेखि रु सात सयसम्ममा बिक्री हुने गरेको विष्टले बताउनुभयो। बनेपा र आसपासका किसानले खेतमै आएर हेर्ने र किनेर लैजाने गर्न थालेका उहाँको भनाइ छ । "आजभोलि दैनिक बेरी खेती हेर्न आउने क्रम बढ्दैछ। उहाँहरु आएर हेर्नुहुन्छ अनि फर्किँदा किनेर लैजानुहुन्छ। बजारको भन्दा यहाँ केही सस्तो पर्ने भएकाले पनि उहाँहरुले लैजाने गर्नुभएको छ", विष्टले भन्नुभयो । उहाँका अनुसार उत्पादित स्ट्रबेरी जिल्लाको मुख्य बजार बनेपालगायत धुलिखेल, पाँचखाल र पनौती तथा काठमाडौँ, पोखरा तथा चितवनसम्म जाने गरेको छ।

उहाँले भन्नुभयो, "देशका प्रमुख सहरमा मेरा उत्पादन पुऱ्याउने लक्ष्य लिएको छु, स्ट्रबेरीका बिरुवा छिमेकी जिल्ला भक्तपुर, सिन्धुपाल्चोक र सिन्धुलीबाट माग हुन थालेको छ । त्यसमा पनि विशेष ध्यान दिइरहेको छु।" प्रतिबिरुवा रु २५ देखि रु ३० सम्ममा बिक्री हुने गरेको विष्टले जानकारी दिनुभयो। करिब रु ४० लाख लगानीबाट थालिएको व्यवसायमा अहिले उहाँको रु दुई करोड लगानी पनि थपिएको छ। अमर भूमण्डलीय बहुउद्देश्यीय कृषि फर्म दर्ता गरी नयाँनयाँ काम सुरु गरिएकाले लगानीमा पनि वृद्धि हुँदै गएको हो।

"सुरुआतका बेला कृषि तथा अन्य उत्पादनमा लाग्ने क्रममा केही घाटा व्यहोर्नुपऱ्यो, अहिले त्यस्तो छैन", विष्टले भन्नुभयो।

उत्पादनका लागि रासायनिक मलको अभावले कठिनाइ भएको उहाँले अनुभव सुनाउनुभयो । विष्टको व्यवसायमा अहिले स्ट्रबेरी मात्र छैन, करिब दुई सय बोट ड्रागनफ्रुट पनि उत्पादन हुने क्रममा रहेका छन् । परीक्षणका रुपमा रोपिएका ड्रागनफ्रुटको उत्पादनलाई हेरी व्यवसायिकता दिने सोचमा उहाँ हुनुहुन्छ । फार्ममा स्थानीयवासीले रोजगारी पाएका छन् । तीन जनालाई नियमित तथा दैनिक आवश्यकता अनुसार कामदार लगाउने गरेको विष्टको भनाइ छ।

हाल मुक्तिको व्यवसायमा कुखुरापालन र बाख्रापालन पनि देख्न सकिन्छ।

उहाँको फार्ममा पाँच सयदेखि एक हजारसम्म कडकनाथ जातका काला कुखुरा छन्। जसबाट उत्पादन भइरहेको अण्डा र मासु बिक्री भइरहेको छ। व्यवसायका लागि विष्टले वित्तीय संस्थाबाट ऋण लिएको बताउनुभयो । "अहिलेसम्म सरकारी अनुदानमा ऋण पाएको छैन, प्रयास गर्दैछु। सरकारले पौरखी किसानलाई सहुलियत ऋण दिए व्यावसायिक कृषि उत्पादनमा लाग्नेको संख्या बढ्नसक्छ र युवा विदेशिने क्रम घट्ला कि !", उहाँले भन्नुभयो ।रासस

## Invitation for Bids

**Madhesh Institute of Health Sciences**

**Janakpurdham, Dhanusha**

Date of publication: 18 April 2024

1. Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha invites electronic bids from eligible bidders for the construction of below mention works under National Competitive Bidding – Single Stage Single Envelope Bidding procedures.
2. Eligible Bidders may obtain further information from PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs. 3000/- in the Project's Rajaswa (revenue) account as specified below .
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank Ltd, Janakpurdham, Dhanusha
   Name of Office : Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha
   Office Code no. : 3500017082
   Office Account no.: 1000100200010000
   Rajaswa (revenue) Shirshak no. : 14229
   Dharauti Khata No.:- 1220100026497001
4. Pre-bid meeting shall be held at the Madhesh Institute of Health Sciences Janakpurdham, Dhanusha at 01:00 PM on 10 May 2024
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before 12:00 Noon on 19 May 2024. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 01:00 PM on 19 May 2024 at the office of The Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of amount mention below in the table, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 days)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N | IFB No. | IFB/Contract Name | Cost Estimate (Exclusive of VAT and Contingencies) | Bid Fee (NRs) | Bid Security (NRS) |
|---|---|---|---|---|---|
| 1 | MIHS/NCB/WORKS/2080-81/3 | The Procurement of Indoor Bhawan ko Marmat tatha Starunnati, Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha | 10664505.13 | 3000/- | 300000/- |
| 2 | MIHS/NCB/WORKS/2080-81/4 | The Procurement of Postmartum/Forensic Bhawan ko marmat tatha Nirman Karya, Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha | 6119014.83 | 3000/- | 165000/- |

## जनकपुरधाम उप-महानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**जनकपुधाम, धनुषा**

**मधेश प्रदेश, नेपाल**

## Bid Addendum Report Notice

जनकपुरधाम उप-महानगरपालिका धनुषाको आ.ब.२०८०/०८१ को स्वीकृत कार्यक्रम अन्तर्गत मिति २०८०/१२/२० मा प्रकाशित सुचनामा ठेक्का नं. JSMC/NCB/WORKS/02/2080-081 For The Construction of 150 mm Dia X 200 m Depth deep tubewell at Janakpurdham -04 (Ram Mandir ), Dhanusha र ठेक्का नं. JSMC/SQ/WORKS/01/2080-081 For The wada no 2 ma raheko dirghikasar pokhariko pidhko jharpat safa tatha mato khanne kaarya मा Addendum भएको हुनाले सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरिन्छ। बिस्तृत बिबरण ppmo आधिकारिक Website:www.bolpatra.gov.np बाट हेर्न सकिन्छ।

# ओझेलमा प्रकृतिमैत्री बाँसघर



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-१०, हारसरमा बनेको प्रकृतिमैत्री बाँसघर ओझेलमा परेको छ । डेनमार्कको दातृ संस्था डानिडाको सहयोगमा चुरे जलाधार संरक्षणको क्षेत्रमा काम गर्दैआएका जीवन केन्द्र धनुषाले सन् २०१० मा बाँसैबाँसको प्रयोग गरेर निर्माण गरिएको प्रकृतिमैत्री बाँसघर उचित स्याहार र ठाउँको बारेमा प्रचारप्रसार नहुँदा ओझेलमा परेका छन् । ढल्केवर-जनकपुरधाम सडक खण्डको रमदैया चोकबाट करिब डेढ किलोमिटर पूर्वमा पर्ने हारसरमा नेपालमा बन्ने परम्परागत तथा आधुनिक घरभन्दा बाँसको प्रयोगबाट भिन्न शैलीमा अति आकर्षक घरहरू बनाइएको छ । संस्थाले सो घर तालिम केन्द्रको रूपमा निर्माण गरेको भए पनि बाँसैबाँसको प्रयोगबाट घर बनेकाले यसलाई बाँसघरको नामले पनि चिन्ने गरिएको स्थानीयको भनाइ छ ।

जीवन केन्द्रका अध्यक्ष कारी यादवले करिब डेढ बिघा क्षेत्रफलमा रहेको तालिम केन्द्रमा आवास, तालिम हल, चमेना गृह, शौचालय, स्नानगृहलगायत सम्पूर्ण संरचना बाँसकै प्रयोगबाट निर्माण गरिएको छ भने भित्ता माटो र बालुवाको मिश्रणले निर्माण गरिएको बताए । धुरीखाँबो, बेरा र छानामासमेत बाँसकै प्रयोग गरिएको छ । यहाँ करिब १५० जना अटने तालिम हल र त्यति नै संख्यालाई पुग्ने गरी आवास क्षमताको घरहरू रहेको जानकारी दिए । अध्यक्ष यादवले पहिलो पटक यहाँ आउनेहरू आश्चर्य चकित हुँदै कसरी बाँसैबासले घर निर्माण गरिएको होला भनेर सोधिखोजी गर्नेगरिएको बताए।

जीवन केन्द्रका संस्थापक अध्यक्ष एवं मधेश सरकारका पूर्वमन्त्री ज्ञानेन्द्रकुमार यादवले प्राकृतिक स्रोतमाथिको दोहन रोक्न नमुनाको रूपमा स्थानीय स्तरमा उपलब्ध बाँस र माटोको प्रयोगले प्रकृतिमैत्री तालिम केन्द्र निर्माण गरिएको बताए । प्रशोधन गरिएको उन्नत जातको बाँस प्रयोग गरिएकाले निर्माणको १४ वर्ष भइसक्दा पनि संरचना दुरुस्त रहेको बताउँदै उनले अझै २०-४० वर्ष टिक्ने जानकारी दिए ।

"सुरुको समयमा तालिम, गोष्ठी आयोजना गर्न तथा संरचना हेर्न आउने मानिसको भिड लाग्ने गर्दथ्यो । केही वर्षयता व्यवस्थापन समितिको कमजोर व्यवस्थानले यहाँ कम संख्यामा मानिस आउने गरेको भए पनि अब पुनः कम्मर कसेर यस ठाउँलाई पर्यटन क्षेत्रको रूपमा विकास गरेर प्रचारप्रसारमा ल्याउँछौं," पूर्वमन्त्री यादवले भने । संस्थाका संस्थापक महासचिव एवं सामुदायिक वन उपभोक्ता महासङ्घ मधेश प्रदेशका अध्यक्ष सोमप्रसाद शर्माले घरलगायतका संरचना निर्माणमा कङ्क्रिट र काठ प्रयोगको विकल्पमा बाँसको उपयोग बढाउने उद्देश्यले उदाहरणका लागि तालिम केन्द्रमा निर्माण गरिएको संरचनामा बाँसको प्रयोग गरिएको बताए ।

"कङ्क्रिट र काठको संरचना निर्माण गर्दा गिट्टी, बालुवा र काठको प्रयोग गरिन्छ । जसले गर्दा नदी तथा जङ्गलजस्ता प्राकृतिक स्रोतको दोहन भइरहेको छ । त्यसलाई रोक्नका निम्ति पनि संरचना निर्माणमा बाँसको उपयोग बढाउँदै लैजानुपर्छ", उनले भने ।

# सांस्कृतिक र आध्यात्मिक जागरणमा महायज्ञले टेवा पुग्छ : उपराष्ट्रपति यादव

**टुडे समाचारदाता**

सिरहा । उपराष्ट्रपति रामसहाय प्रसाद यादवले ऐतिहासिक जननायक सलहेसको पवित्र भूमि, मधेश जनविद्रोहको उद्गम स्थल सिराहा र यस क्षेत्र वरपरका स्थानीय बासिन्दाहरूमा सामाजिक, सांस्कृतिक र आध्यात्मिक जागरण पैदा गर्न महायज्ञ महोत्सवबाट टेवा पुग्ने बताएका छन् ।

उनले मधेश प्रदेशको सिराहा नगरपालिका-१४, खिरौना नवटोलीमा श्रीरामजानकी महायज्ञ समितिद्वारा आयोजित 'श्री श्री १०८ श्री रामजानकी महायज्ञ महोत्सव' को बुधबार समुद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै उक्त कुरा बताए । उनले महायज्ञबाट सम्पूर्ण आम नागरिकमा आन्तरिक आध्यात्मिक चिन्तनको प्रस्फुटन गर्दै परस्पर मैत्रीभाव, अपनत्वभाव, भाइचारा, मेलमिलाप र भ्रातृत्वभाव पनि बढ्ने जानकारी दिए ।

"महायज्ञ, धार्मिक अनुष्ठानलगायतबाट मानव जीवनमा प्रादुर्भाव हुने अलौकिक अध्यात्म शक्ति तथा धार्मिक चिन्तनले व्यक्तिलाई सही र असल मार्गमा डोऱ्याउन सघाउँदछ । यसले व्यक्तिलाई सबै मानिस र जीव-जन्तुलाई समान दृष्टिकोणले बुझ्न र सम्मान गर्न पनि सहयोग पुग्ने गर्दछ ।,"



उपराष्ट्रपति यादवले भने, "यी र यस्ता महायज्ञहरूले व्यक्तिलाई भौतिक वस्तुहरूप्रतिको मोह भङ्ग गराउँदै असीम शान्तिको मार्गमा हिँड्ने आध्यात्मिक सोचको विकास पनि गराउँदछ । महायज्ञ आफैमा एउटा सांस्कृतिक र सामाजिक सद्भाव तथा धार्मिक सहिष्णुतालाई बढवा दिने अनुष्ठान हो । यसले व्यक्तिलाई नाम, दाम र लोकप्रियता गौण विषय हो भन्ने तथ्य बुझ्न पनि मद्दत गर्दछ ।" उनले द्रुत प्राविधिक विकास र सामाजिक परिवर्तनको यो युगमा, विश्वले शान्ति सङ्कटको सामना गरिरहेकोमा चिन्ता व्यक्त गर्दै वैज्ञानिक प्रविधिहरूले हामीलाई एकआपसमा नजिक ल्याए पनि आजको मानव सभ्यता चिन्ता, अवसाद जस्ता मनोविक्षिप्तता र अनेकौं जटिल मनोविकृतिबाट सिर्जित समस्याहरूसँग लड्न बाध्य पनि बनाएको बताए ।

"यसले हाम्रो जीवन ऊर्जाको क्षयीकरण हुने गर्दछ । अझ व्यस्त जीवनशैलीले मानिसलाई असन्तुलनको अवस्थामा पुऱ्याइ दिएको छ ।," उनले भने, "यस्तो अवस्थामा महायज्ञ जस्तो धार्मिक अनुष्ठानको उपादेयता झनै बढी हुने गर्दछ।" उपराष्ट्रपति यादवले महायज्ञको भौतिक र आध्यात्मिक महत्व रहेको उल्लेख गर्दै यज्ञको ऊष्माले मानिसको अन्तः करणमा देवत्वको छाप छाड्न सक्ने बताए । "भनिन्छ, जहाँ यज्ञको आयोजना गरिन्छ त्यहाँको भूमि र प्रदेश सुसंस्कारहरूको छापलाई आफूभित्र धारण गर्न पुग्दछ ।," उनले भने, "यज्ञमा गुन्जिने जय जयकार ध्वनिले हाम्रो मनोभूमिलाई उच्च सुविकसित एवं सुसंस्कारी पनि बनाउँदछ ।" उनले कुबुद्धि, कुविचार, दुर्गुण तथा दुष्कर्महरूले युक्त व्यक्तिहरूको मनोभूमिमा पनि यज्ञले व्यापक सुधार ल्याउन सहयोगी र महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने बताए । "त्यसैले यज्ञलाई त्यागमय जीवनको आदर्शको प्रतीक पनि मानिएको छ । इदन्न मम-(यो मेरो होइन सम्पूर्ण समाजको हो) भन्ने भावना सिङ्गो मानव जातिमा विकास गराउन उत्प्रेरित गर्दछ ।," उनले भने, "यसले हाम्रो सनातन आध्यात्मिक समाजवादलाई जीवन्त बनाउनमा सघाउँदछ ।"

यज्ञको अर्को महत्वपूर्ण पाटो भनेको यो सामूहिकताको प्रतीक पनि भएको उल्लेख गर्दै अगाडि भने, "अन्य उपासना, अनुष्ठान र धार्मिक प्रक्रियाहरू एक्लो पनि गर्न सकिन्छ । तर, यज्ञ/महायज्ञ यस्तो कार्य हो, जसमा बढी भन्दा बढी मानिसको सहयोग आवश्यकता पर्दछ । त्यसैले यज्ञ आयोजनलाई सामूहिकता, सहकारिता र एकताको भाव विकसित गराउने उपर्युक्त माध्यम पनि भनिएको हो ।"

उपराष्ट्रपति यादवले समाजमा विद्यमान गरिबी, सामाजिक विकृति, एक्लोपन र तनावग्रस्त जीवनशैलीले आफूलाई नै सिद्ध्याउने जस्तो नकारात्मकताले हामीलाई गम्भीर रूपमा गाँजेको अवस्थाप्रति चिन्ता व्यक्त गरे । उनले सबै क्षेत्र, वर्ग, उमेर, समूह र समुदायका युवाहरूद्वारा नेतृत्व गर्दै यो भेगमा धार्मिक पर्यटनको विकास तथा सामाजिक, धार्मिक संस्कार, परस्पर भाइचारा, 'बसुदैव कुटुम्बकम' को सन्देश सञ्चार हुने गरी जुन कार्य भइरहेको छ, त्यो प्रशंसनीय रहेको बताए ।

## पर्स हरायो

जानकी चोकदेखि किसोरी नगर, सीता टोल हुँदै गंगा सागर आरती स्थल र त्यहाँबाट फर्किने क्रममा मिति २०८१ वैशाख २ गते आइतवार पर्स हराएको छ ।पर्समा अन्यलाई काम नलाग्ने तर मेरालागि अत्यन्त महत्वपूर्ण कागजातहरु , ड्राइभिंग लाइसेन्स, पान कार्ड, प्रेस कार्ड, एटीएम, बुद्ध र यति एयरको माइलेज कार्ड लगायत रहेकाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।सहयोगका लागि अभारी रहने छु ।पर्समा नगद छैन् ।

**जनकपुर टुडेको कार्यालय**
मोबाइल नं.९८५४०२००२५,९८०१६२००२५,
९८०१६२६०२५,९८५४०२६०२५

# स्थानीय उत्पादन र व्यवसायको प्रवर्द्धन गर्दै 'लहान एक्सपो'

● हाम्रा उत्पादनलाई ग्राहकहरूले धेरै मन पराइदिएको छ ।

**टुडे समाचारदाता**

सिरहा । विभिन्न वनस्पतिका रेसाबाट बनेका आकर्षक ढकी, थाकलबाट बनेका घरायसी सामग्रीले आगन्तुकको ध्यान तानेका छन् । यहाँ सुरु भएको लहान एक्सपोमा राखिएका यी सामग्री सिरहाको लहान नगरपालिका-१ कि पार्वतीकुमारी चौधरीले बनाएकी छन् ।

एकसट्ठी वर्षीया चौधरीले स्थानीय कच्चा पदार्थ प्रयोग गरी आफैले बनाएको सामग्री महोत्सवमार्फत बिक्री गरिरहेकी छन् । जसलाई आगन्तुकले मन पराइदिएको उनले सुनाइन् । 'समृद्धिको आधार, कृषि, पर्यटन, उद्योग र व्यापार' भन्ने मूल नाराका साथ गत चैत ३० गतेदेखि यहाँ जारी 'लहान एक्सपोः मधेश प्रदेश अन्तर्राष्ट्रिय महोत्सव २०८०'मा स्थानीय उत्पादनमा अवलोकनकर्ताको रुचि देखिएको छ ।



जिल्ला उद्योग वाणिज्य संघ सिरहाको आयोजनामा जारी महोत्सवकै कारण आफूले उत्पादन गर्दै आएका घरायसी सामग्रीका प्रदर्शन र विक्री गर्न पाएकोमा चौधरी खुसी छिन् । "सोचेजति व्यापार त भएन, तर सुरुआती दिनभन्दा क्रमशः व्यापार वृद्धि भइरहेको, धेरैले मन पराइदिएको छ", चौधरीले भनिन्, "तीन दशकदेखि यही पेसाले घर खर्च चलेको छ । महोत्सवबाट थप हौसला मिलेको छ ।" महोत्सवमा टाढा-टाढाबाट पनि ग्राहक आएकाले आगामी दिनमा व्यापार अझ बढ्ने उनको भनाइ छ ।

आफ्ना उत्पादन सबैलाई देखाउन, बिक्री गर्न तथा प्रचार-प्रसार गर्न सहज भएको उनको भनाइ छ । महोत्सवमा विभिन्न रैथाने परिकारको कक्ष राखेको लहान-८ का जानुका पराजुली र सङ्गीता चौधरीले भने आफूहरूले सोचेभन्दा राम्रो व्यापार भएको बताइन् । उनीहरूले चामलको पीठो, मासको दाल, बन्दागोभी, सुपको दाल, मुला र लप्सीबाट बनेका विभिन्न परिकारहरू प्याकिङ गरेर राखेकी छन् । गाउँघरबाट सङ्कलन गरिएका सामग्रीलाई व्यावसायिक रूप दिई आर्थिक उपार्जनसँग जोडिएको जानुका पराजुलीले सुनाइन् ।

त्यस्तै लप्सी र टमाटरको अचारले पनि ग्राहकको मन जितिरहेको पराजुलीले बताइन् । "मधेशको पहिचान झल्कने रैथाने परिकारहरू उत्पादन गरिरहेका छौं । हाम्रा उत्पादनलाई ग्राहकहरूले धेरै मन पराइदिएको छ । सोचेभन्दा राम्रो बिक्री भइरहेको छ", पराजुलीले भनिन, "अहिले दिनमा औसतमा चार हजारसम्मको व्यापार भइरहेको छ ।" उनले महोत्सव सकिएपछि पनि लहानचोकको दक्षिणतर्फ रहेको 'मटिहर्वा कम्पेक्स'मा सटर भाडामा लिएर 'कोसेली घर' सञ्चालन गर्ने योजना रहेको सुनाइन् । महोत्सवमा आयोजकले निःशुल्करुपमा प्रदर्शनी कक्ष उपलब्ध गराएको पनि उनले जानकारी दिए ।

महोत्सवबाट आफ्ना उत्पादन सबैलाई देखाउन, बिक्री गर्न तथा प्रचार-प्रसार गर्न सहज भएको सङ्गीता चौधरीको भनाइ छ । "गाउँमा एउटै ठाउँका मानिसले मात्रै अवलोकन गर्छन् । यहाँ विभिन्न ठाउँबाट मानिसहरु आएर अवलोकन गर्दा खुसी लाग्छ । व्यापार पनि राम्रो भएको छ", चौधरीले भनिन्, "यस्ता महोत्सवले व्यापारमा हौसला थपेको छ ।" चौधरीका अनुसार महोत्सवमा आउने आगन्तुक स्थानीय उत्पादनमा लोभिएका छन् ।

स्थानीय मौलिक एवम् रैथाने उत्पादनको प्रवर्द्धनका लागि सम्बन्धित कक्षहरू निः शुल्क उपलब्ध गराइएको आयोजक जिल्ला उद्योग वाणिज्य संघ सिरहा, लहानका अध्यक्ष विकास सारडाले बताए । "मधेशको पहिचान झल्कने परम्परागत उत्पादन तथा परिकारको चिनारी दिलाउन र उद्यमीलाई पनि प्रोत्साहन गर्ने उद्देश्यले उनीहरूलाई निः शुल्क कक्ष उपलब्ध गराइएको छ । जसअन्तर्गत कृषि तथा घरेलुतर्फ २० वटा प्रदर्शनी छन्", अध्यक्ष सारडाले भने । उनले प्याकेजिङमा सुधार गर्दै नेपाली उत्पादनको बजारीकरण गरी व्यावसायिक रूप दिन आवश्यक रहेको बताए ।

त्यसै गरी महोत्सवले मौलिक उत्पादन, संस्कृति र मौलिक परिकारहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्न सहयोगी बन्ने विश्वास उनले व्यक्त गरे । मधेश प्रदेशस्तरीय महोत्सवमा विराटनगर, वीरगञ्ज, काठमाण्डुदेखि छिमेकी राष्ट्र भारत र बङ्गलादेशसम्मका लगानीकर्ता, उत्पादक, वितरक, निर्यातकर्ता सहभागी भएको अध्यक्ष सारडाले जानकारी दिए । उनका अनुसार महोत्सवमा कूल एक सय २१ वटा प्रदर्शनी कक्ष छन् ।

महोत्सव आयोजना गर्न करिब एक करोड ५० लाख खर्च भएको र महोत्सवभर करिब दुई करोड बराबरको व्यापार हुने अनुमान गरिएको उनले बताए । "अहिले एक त आर्थिक मन्दीको समय छ । यस्तो बेलामा व्यवसायीको आत्मबल अभिवृद्धि गर्न र व्यावसायिक क्षेत्रलाई चलायमान बनाउन पनि यो महोत्सव आयोजना गरिएको हो", उनले भने, "यसबाट व्यापारसँगै स्थानीय उत्पादन प्रवर्द्धन गर्नु मुख्य उद्देश्य हो ।" महोत्सवमा प्रत्येक साँझ विभिन्न कलाकारको प्रस्तुतिसमेत रहने गरेको छ । महोत्सव आगामी वैशाख ९ गतेसम्म सञ्चालन हुनेछ ।

अहिले एक त आर्थिक मन्दीको समय छ । यस्तो बेलामा व्यवसायीको आत्मबल अभिवृद्धि गर्न र व्यावसायिक क्षेत्रलाई चलायमान बनाउन पनि यो महोत्सव आयोजना गरिएको हो ।

# आँखा अस्पतालमा अनियमितता, छानबिनको माग

**टुडे समाचारदाता**

जनकपुरधाम । जानकी आँखा अस्पताल जनकपुरधाममा व्यापक अनियमितता भएको पाइएको छ । आँखा अस्पतालमा रेडक्रस सोसाइटीका धनुषा जिल्ला अध्यक्ष पदेन अध्यक्ष रहने प्रावधान रहे पनि उनी अध्यक्ष सरहनै कार्य गर्दै आफूलाई जोगाउँन रेडक्रस सोसाइटी लाई करिव तीन करोड रुपैयाँ बुझाएको आरोप लगाइएको छ ।



रेडक्रसले विगतमा आँखा अस्पताललाई अनुदान दिँदै आएको भए पनि रेडक्रस धनुषाका अध्यक्ष तथा आँखा अस्पतालका पदेन सदस्य नरेश सिंहले आर्थिक अनियमितता गरेको बुधबार बसेको एक बैठकमा आरोप लगाइएको छ । रामानन्द युवा क्लवका अध्यक्ष आशुतोष झाको अध्यक्षतामा बसेको बैठकमा निवर्तमान अध्यक्ष गंगाराम यादव अध्यक्ष हुँदा आँखा अस्पतालको खातामा तीन करोड रुपैयाँ थियो तर, अहिले त्यो रकम खातामा नरहेको जानकारी गराइएको थियो ।

निवर्तमान अध्यक्ष यादवको कार्यकाल सक्नु भन्दा पहिला कर्मचारीहरु समयमा तलव पाउने गरेका थिए तर, आफूलाई अध्यक्ष सरह बुझ्न थालेका सिंहले कर्मचारीहरुको तलव, सेवा सुविधामा कटौती गरेको तथा कर्मचारीहरुलाई आफू खुशी खटाउने गरेका कारण अस्पतालको सेवामा समेत प्रभाव पर्ने गरेको रामानन्द युवा क्लवका अध्यक्ष झाको आरोप छ ।

बैठकमा नेकपा एसका नेता तथा पूर्व मन्त्री रामचन्द्र झा, पूर्व स्वास्थ्य राज्य मन्त्री डा. सुरेन्द्र यादव, मधेश प्रदेश सभाका पूर्व सदस्य परमेश्वर साह, अस्पतालका कोषाध्यक्ष धीरेन्द्र मोहन झा लगायतका उपस्थिति रहेको थियो ।

बैठकले अस्पतालमा सहज अवस्था सृजना गर्ने जिम्मा रामानन्द युवा क्लव लाई दिएको जनाइएको छ ।

# आठ सय ९१ मिटर ब्याजीको मुद्दा मिलापत्र

**टुडे समाचारदाता**

कलैया । बारामा चालु-आर्थिक वर्ष ०८०-८१ को वैशाख ४ गतेसम्म अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी आठ सय ९१ वटा मुद्दा मिलापत्र भएको छ ।

सो मध्ये अनुचित लेनदेनका क्रममा ऋणीसँग साहु, महाजनले गराएको ८९ वटा कित्ताको २५ विगाह १३ कट्ठा ७ धुर जग्गा फिर्ताको भएको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायव उपरीक्षक (डिएसपी) दधिराम न्यौपानेले बताए ।

यसै गरी १९ करोड ३३ लाख १९ हजार ४७९ रुपैयाँ ऋणी र साहुको लेनदेन गरी मिलापत्र भएको छ । उजुरीमा ३२ करोड ३ लाख ६२ हजार ८०७ रुपैयाँ माग भएको थियो ।



गृह मन्त्रालयले २०८० वैशाख १७ गते देखी सार्वजनिक सूचना जारी गरी अनुचित मिटर ब्याजी कारोबार सम्बन्धी ७७ वटै जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन आव्हान गरेपछि सो म्याद भित्र बारा जिल्लामा तीन हजार ३ सय २२ उजुरी दर्ता भएको थियो । यसरी दर्ता भएको उजुरी माथि समस्या समाधान गर्न दुवै पक्षका कुरा सुनुवाइ गरी सत्य तथ्य बुझेर सहजीकरण गर्दा पीडक र पीडित पक्षले मुद्दामा मिलापत्र एवं सहमति गरेको डिएसपी.न्यौपानेले जानकारी दिए ।

## गर्मीयाममा लाग्नसक्ने रोगबाट छुटकारा पाउन:

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं ।
- मौसमअनुसारका तरकारी एवं फलफूल उपभोग गरौं ।
- सडेगलेको, बासी जथाभावी राखिएका खानेकुरा नखाऔं ।
- खुल्लास्थानमा राखिएका चटपटे, पानीपुरी, मःम, चाउमिनजस्ता खानेकुरा नखाऔं ।
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं ।
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं ।
- घर आँगन वा बसोबास गर्ने आसपासको क्षेत्रमा पानी जम्ने, खाल्डाखुल्डी, फोहोरको थुप्रो, कुहिएका बस्तुहरु भएमा हटाई सफा राखौं ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८